‘सुशासन, समृद्धि र समाजवादको आधार, पालिका-पालिकामा एमालेको सरकार’
‘समृद्ध नेपाल सुखी नेपालीको आधार, सुशासित स्थानीय सरकार’

# ‘सुन्दर र समृद्ध भरतपुर’

# प्रतिबद्धता पत्र

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

भरतपुर महानगर कमिटी

भरतपुर, चितवन

मिति : २०७९ वैशाख ९

'सुशासन, समृद्धि र समाजवादको आधार, पालिका-पालिकामा एमालेको सरकार'

'समृद्ध नेपाल सुखी नेपालीको आधार, सुशासित स्थानीय सरकार'

# नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## भरतपुर महानगर कमिटी

## भरतपुर, चितवन

## "सुन्दर र समृद्ध भरतपुर"

## प्रतिबद्धता पत्र

*आदरणीय भरतपुर महानगरबासी आमा बुवा, दिदीबहिनी तथा दाजुभाइहरू !*

तपाईं सम्पूर्ण भरतपुर महानगरवासी जनसमुदायमा हार्दिक अभिवादन व्यक्त गर्दछौं ।

स्थानीय तहको निर्वाचन २०७९ को घोषणासँगै नेपालको संविधान २०७२ ले निर्देशित गरे अनुसार सङ्घीयता कार्यान्वयनको एकचक्र पूरा भएको छ । विकास निर्माण र जनताका आधारभूत सेवा सुविधा पूरा गर्न स्थानीय तहको के कति भूमिका आवश्यक हुँदोरहेछ भन्ने कुरा अब अभ्यासबाट नै सबैले जान्न बुझ्न सक्ने वातावरण निर्माण भएको छ । स्थानीय तहमा कस्तो नीति र कस्तो नेतृत्व चाहिन्छ भन्ने सवालमा सार्वभौम जनताले दिएको फैसला नै सर्वोपरि हुने भएकोले विगतको समीक्षा गरी आगामी कार्यकालको लागि नीति र नेतृत्व छनोट गर्ने अवसरको भरपुर सदुपयोग गर्नुहुन हार्दिक आग्रह गर्दछौं । स्थानीय तहलाई लोकतन्त्रको आधारस्तम्भका रुपमा स्थापित गर्न तथा अधिकारसम्पन्न बनाउन हाम्रो पार्टीले सुरुदेखि नै पहल गर्दै आएको थियो भन्ने कुरा ***'विकास निर्माणको आधार स्थानीय तहमा अधिकतम अधिकार'*** भन्ने नीति मार्फत् वि.सं.२०५१ मा नेकपा (एमाले) ले ***'आफ्नो गाउँ आफैं बनाऔं', नौस, वृद्धभत्ता,*** जस्ता लोकप्रिय कार्यक्रमको सुरुवात गरी स्थानीय विकासमा जनताको क्षमता अभिवृद्धिसमेत गरेको कुरा स्मरण गराउन चाहन्छैं । जनताको बहुदलीय जनवादको मार्गनिर्देशनमा, २०४८ सालदेखि नै सबै तहका निर्वाचनमा सामाजिक आर्थिक रुपान्तरणको अगुवा पार्टीको रुपमा नेकपा एमालेलाई मतदान मार्फत जुन विश्वास प्रकट गर्दै आउनु भएको छ, त्यसको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने संवैधानिक प्रतिबद्धता तथा ***'समृद्ध नेपाल सुखी नेपाली'*** भन्ने दीर्घकालीन सोच अन्तर्गत भरतपुर महानगरलाई सुन्दर, र समृद्ध बनाई भरतपुरबासीको गुणस्तरीय जीवन बनाउन तथा खुसी जीवन जिउन सक्ने वातावरण बनाउन हाम्रो दलको तर्फबाट प्रतिबद्धता व्यक्त गर्दछौं ।

राष्ट्रियताको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा समाजवादको ध्येयको लागि भएको आन्दोलन र क्रान्तिमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै उक्त आन्दोलन र क्रान्तिमा घाईते, अपाङ्ग हुनुहुने र वेपत्ता परिवारका सदस्यहरुप्रति हार्दिक सम्मान गर्दछौं ।

**आदरणीय जनसमुदायहरू,**

भौगोलिक सुगमता तथा तीब्र बसाई सराई दर भएको भरतपुर महानगरपालिकाले ऐतिहासिक, सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक तथा साँस्कृतिक आदि रूपले मुलुककै अग्रणी नगरीको रूपमा आफ्नो पहिचान बनाएको छ । राप्ती दून विकास परियोजना २०१३ कार्यान्वयनमा आएपछि भरतपुरमा व्यवस्थित बसोबास प्रारम्भ भएको थियो । वि.सं. २०३५ सालमा तत्कालीन भरतपुर गाउँ पञ्चायत, नारायणगढ गाउँ पञ्चायत र कल्याणपुर गाउँ पञ्चायतको केही भाग मिलाएर भरतपुर नगर पञ्चायत बनाइएको थियो । २०४८ सालदेखि नगरपालिकामा रुपान्तरित भरतपुर

नगरपालिका शुरुमा १४ वडामा विभाजित थियो । मङ्गलपुर, शारदानगर, गुञ्जनगर, फूलबारी, गीतानगर, शिवनगर, पटिहानी, मेघौली, दिव्यनगर, शुक्रनगर, जगतपुर, पार्वतीपुर, कविलास छुट्टा छुट्टै गाउँ विकास समिति थिए । २०७१ मार्ग १३ मा भरतपुर नगरपालिकालाई भरतपुर उप-महानगरपालिकामा स्तरोन्नति गरिएको थियो । २०७१ सालमा नै शारदानगर र गुन्जनगर मिलाएर चित्रवन नगरपालिका बनाइएको थियो । सोही समयमा शुक्रनगर, मेघौली, जगतपुर, पार्वतीपुर गाउँ विकास समिति मिलाएर नारायणी नगरपालिका बनाइएको थियो । २०७३ फागुन २७ मा भरतपुर उप-महानगरपालिका, नारायणी नगरपालिका, चित्रवन नगरपालिका र कविलास गाविस समेत मिलाएर भरतपुर महानगरपालिकामा स्तरोन्नति गरियो । स्मरणीय छ कि मुकुन्दसेनकै पालाको ऐतिहासिक भू-भाग एवं वि.सं.२०१८ सालमा नै स्थापना भएको कविलास गाउँ पञ्चायत २०७३ सम्म छुट्टै गाउँ विकास समितिको रुपमा थियो, जो अहिले भरतपुर महानगरको २९ नं वार्डको रुपमा रहेको छ । भरतपुर महानगरपालिका जनसङ्ख्याको दृष्टिले काठमाडौँ र पोखरा पछि तेस्रो र क्षेत्रफलको हिसाबले दोश्रो महानगरपालिकामा पर्दछ र यसको क्षेत्रफल ४३२.९५ वर्ग किलोमीटर छ । पछिल्लो प्रक्षेपण अनुसार यस महानगरपालिकामा २०६८ यता ८८,८७५ जनसङ्ख्या वृद्धि भएर ३,६९,३७७ जनसंख्या पुगेको छ र वार्षिक औसत वृद्धि दर ३.१६ प्रतिशत देखिन्छ । प्राप्त अभिलेख अनुसार यस महानगरपालिका भित्र अघिल्लो निर्वाचनको तुलनामा ३५,४७८ (झन्डै २१ प्रतिशत) मतदाता थपिएर हाल १ लाख ८५ हजार ७५२ मतदाता रहेका छन् । प्रमुख, उपप्रमुख र २९ वटा वडाका अध्यक्ष र सदस्यसहित १४७ स्थानमा २०७९ वैशाख ३० गते निर्वाचन हुँदैछ । सङ्घीय संरचना अनुसारका तीन तहका सरकारमध्ये जनतासँग प्रत्यक्ष जोडिएको र ५ वर्षको सुनिश्चित सरकार भएको कारण स्थानीय तहको निर्वाचन प्रति जनताको बढी आकर्षण र चासो रहनु स्वाभाविकै हो । यस्तो महत्व राख्ने निर्वाचनमा सक्रिय सहभागिता र विवेकपूर्ण मतदान गर्न हार्दिक आग्रह गर्दछौँ । साथै भरतपुर महानगरको आर्थिक सामाजिक विकासमा योगदान गर्दै आएका यहाँका आदिबासी जन समुदाय, २०१३ सालदेखि हालसम्मको व्यवस्थित विकासका स्वप्नद्रष्टाहरू, अभियन्ताहरू, समाजसेवीहरू, जनप्रतिनिधिहरू, उद्योगी-व्यवसायीहरू, धार्मिक साँस्कृतिक प्रतिष्ठानहरू, पेशाकर्मी, श्रमजीवीहरु, राष्ट्रसेवक लगायत आम नागरिकलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

**आदरणीय मतदाताहरू**

२०५४ को निर्वाचनमा तत्कालीन भरतपुर नगरपालिकामा विजयी हाम्रा जनप्रतिनिधिहरूले विकास, निर्माण र जनताको सेवाका निम्ति अग्रणी भूमिका खेलेको कुरा यहाँहरूमा विदितै छ । त्यसको दुई दशकपछि मात्र भएको स्थानीय तहको निर्वाचन २०७४ मा युवायुवतीहरूको ठूलो पङ्तिले मताधिकारको प्रयोग मात्र गरेन स्थानीय सरकार सञ्चालन गर्ने सङ्कल्पका साथ पहिलो पटक उम्मेदवारको रुपमा समेत खडा भएको थियो । भरतपुरलाई ‘स्वच्छ, समृद्ध मानवीय सहर’ तथा बहुआयामिक सम्भाव्यताको सहर बनाउने हाम्रो सपना र सङ्कल्प अघिल्लोपटक २०७४ मा नै पूरा गर्ने लक्ष्य थियो । नेतृत्व गर्ने त्यो अवसर कसरी गुम्यो जग जाहेर छ । २०७४ मा पनि स्वच्छ प्रतिस्पर्धाको विरुद्ध गठबन्धन सरकारले गरेका जालझेल विरुद्ध मतदाताहरूले प्रकट गरेको मतप्रति हामीले सम्मान प्रकट गर्दै आएका छौँ । हाम्रो तर्फबाट निर्वाचित जन प्रतिनिधिहरूले स्रोत साधन लगायत अनेकौं प्रतिकूलताका बाबजुद पनि जनतालाई आवश्यक सेवा उपलव्ध गराउन अधिकतम प्रयत्न गरेको कुरा विदितै छ । केही कमजोरी रहेका छन् भने यहाँहरूकै सुझाव र सल्लाह अनुसार सुधार गर्ने प्रतिबद्धता पनि व्यक्त गर्दछौं । भरतपुर महानगरपालिकामा विगत ५ वर्षको समीक्षा गर्दा तपसिलका प्रश्नका उत्तर खोज्न पनि अनुरोध गर्दछौँ :-

१) विगत ५ वर्षमा महानगरबासीले तिरेको स्थानीय करको कति सदुपयोग भयो ? भएन भने के कारणले हुन सकेन ?

२) महानगरबासीका प्रत्यक्ष सरोकारसँग जोडिएका सबै वडाको बजेट विनियोजन न्यायोचित हुन सक्यो वा सकेन ?

३) लोकतन्त्रको अनिवार्य सर्त पारदर्शिता, सुशासन र जवाफदेहिता हो । सङ्घीय तथा प्रदेश सरकारको तर्फबाट ससर्त अनुदान तथा गौरवका योजना अन्तर्गत प्राप्त रकमको खर्च गर्ने ठेक्का, टेण्डर लगायतका प्रक्रियामा कति पारदर्शिता रह्यो ?

४) प्राथमिकता, आवश्यकता र मापदण्डका आधारमा खर्च भयो कि नेतृत्वको तजबिजीको आधारमा खर्च भयो ?

५) शिक्षा, स्वास्थ्य, रोजगारी, खानेपानी, ढलनिकास जस्ता आधारभूत कुरामा जनताले पाएको सेवा सुविधाको मात्रा र गुणस्तर कस्तो रह्यो ?

६) सुशासन, नागरिकबडापत्रको कार्यन्वयन, विकास निर्माण र सेवा उपलव्ध गर्ने क्रममा नागरिकको सहज पहुँचको अवस्था कस्तो रह्यो ?

७) प्रत्यक्ष, अप्रत्यक्ष रुपले नागरिकको आय आर्जनको अवस्था के रह्यो ? नागरिकको जीवनमा के के परिवर्तनको अनुभूति भयो ?

यी र यस्ता थुप्रै प्रश्नहरूमा आधारित भएर सार्वभौम जनताले समीक्षा गर्ने सही समय आएको छ । यो अवसर चुक्यो भने आउने ५ वर्ष पछुताउनु सिवाय अरु केही हुने छैन । त्यसैले गुणस्तरीय स्थानीय सेवामा सबैको पहुँच सुनिश्चित गर्न नेकपा एमाले जस्तो भर पर्दो राजनीतिक शक्तिलाई स्थानीय सरकारको नेतृत्व प्रदान गर्ने अवसर प्रदान गर्न हार्दिक आग्रह गर्दछौँ । विगतमा दुई दशकसम्म जसरी स्थानीय तह रिक्त थिए त्यसरी नै फेरि पनि रिक्त बनाएर गठवन्धन सरकारले भागबन्डाबाट स्थानीय सरकार चलाउने वा स्थानीय चुनाव एक वर्ष पछि धकेल्ने जस्ता प्रयास गरेको थियो । अदालतको सहारा पनि खोजिएको थियो । निर्वाचन आयोगलाई प्रभावित गर्ने प्रयत्न पनि भएको थियो । जनताको चौतर्फी विरोध पछि त्यस्तो प्रयास असफल भएको हो । पाँच वर्षपछि अहिले नयाँ मतदाता थपिएका छन । पुराना मतदातासहित थप भएका नयाँ मतदाता र स्थानीय सरकारको प्रतिनिधि बन्न अवसर पाएका सबै युवाहरूलाई हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछौँ । आफ्नो भविष्यसँग जोडिएको सुन्दर भरतपुर महानगर निर्माण गर्न सक्रिय र सचेत सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौँ ।

**(क) भरतपुर महानगरपालिकाको सम्भावना के हो ?**

नेपालको वैकल्पिक राजधानीका रूपमा समेत चर्चामा आउने गरेको भरतपुर भौतिक विकास, लगानी, पर्यटन, आर्थिक वृद्धि, समाजिक सेवा लगायतका हिसाबले नेपालको ***'विकास र समृद्धि'*** को प्रमुख वाहक बन्न सक्ने सहर हो । भरतपुरको विशिष्ट भौगोलिक अवस्थिति साथै महानगरबासीको आधुनिक सोच र उद्यमशीलताले गर्दा नेपालका अन्य सहरको तुलनामा भरतपुरको आर्थिक प्रगति, समाजिक सेवा र मानव विकासका सूचकाङ्क प्रगतिउन्मुख छन् । तथापि व्यवस्थित सहरीकरणको दीर्घकालीन योजनाको अभाव तथा सहरी व्यवस्थापनका कमजोर कार्यशैलीले गर्दा भरतपुर महानगरको सम्भावनालाई खुम्च्याइदिने जोखिम बढ्दो छ । व्यवस्थित सहरीकरणको सोच र योजना बिना सहर बिस्तार हुँदै गर्दाको परिणाम हामीले राजधानी काठमाडौँमा देखिसकेका छौं । काठमाडौँको अव्यवस्थित सहरीकरणबाट भरतपुरले महत्वपूर्ण पाठ सिक्ने अवस्था छ । तर दुर्भाग्य नै भनौं भरतपुरलाई महानगर घोषणा गरिसकेपछि पनि सहरी विकासको हाम्रो परम्परागत शैलीमा कुनै फेरबदल आउन सकेको छैन । 'सुन्दर र समृद्ध भरतपुर' कुनै चुनावी सपना मात्र हैन, सही योजना र नेतृत्व हुँदा कार्यान्वयन गर्न सकिने सही र सटिक एजेन्डा हो । यसको प्रत्यक्ष लाभ भरतपुरका हरेक परिवार र नागरिकमा पुग्दछ ।

व्यवस्थित पूर्वाधार र भौतिक विकास, गुणस्तरीय सहरी जनजीवन, सहज र सुलभ समाजिक सेवा, गतिशील सहरी अर्थतन्त्र, स्वच्छ र हरियाली वातावरण, आधुनिक सूचना-प्रविधियुक्त सहर लगायतका लक्ष्यहरू निर्धारण तथा सो प्राप्तिका लागि आवश्यक कार्ययोजना तयार गरी भरतपुरलाई एक जीवन्त महानगरका रुपमा विकास गर्ने हामी सबैको दायित्व हो । यसका लागि भरतपुर महानगरको योजनाबद्ध र व्यवस्थित सहरी विकासका साथै आर्थिक-समाजिक रुपान्तरणका लागि दूरगामी सोच, प्रभावकारी रणनीति र व्याबहारिक कार्ययोजनामा स्पष्टता भएको नेतृत्व चयन गरेर

आफ्नो र भावी सन्ततिको भविष्यप्रति न्याय गर्ने ऐतिहासिक जिम्मेवारी भरतपुर महानगरका मतदाताको काँधमा आएको छ ।

विगतदेखि हामीले भरतपुरका बहुआयामिक सम्भावना तथा अवसरहरू देख्दै आएका छौँ । भरतपुर सम्भावना नै सम्भावनाको सहर अर्थात बहुआयामिक सम्भावना भएको कारण विगतदेखि नै तीब्र गतिमा बसाई सराई हुँदै आएको छ । भरतपुरका प्रमुख सम्भावनाहरु यस प्रकार छन् :-

१) मुलुकको केन्द्र भागमा र नारायणी र राप्ती नदीको किनारमा रहेको भरतपुरमा व्यवस्थित सहरी विकास परियोजना बनाई अन्तर्राष्ट्रिय मापदण्डको समृद्ध सहर बनाउन सम्भव छ ।

२) प्रस्तावित पूर्व-पश्चिम रेल यातायातको केन्द्र, चीन र भारत बीच व्यापारिक कोरिडोरको रूपमा प्रस्तावित ठोरी-केरुङ्ग राजमार्ग निर्माण गरी क्रमिक रुपमा आर्थिक राजधानी तथा प्रमुख वातावरणमैत्री औद्योगिक व्यापारिक केन्द्रको रुपमा विकास गर्न सम्भव छ ।

३) औद्योगिक, धार्मिक, शैक्षिक, स्वास्थ्य, र पर्यटनसमेतका क्षेत्रमा भरतपुरलाई सुन्दर समृद्ध मानवीय सहर बनाउन सम्भव छ ।

४) **नारायणी राप्तीको तटबन्धन गरी, तटीय आवास, तटीय सडक, हरियाली किनार, जलक्रीडा र जल यातायातको विकास गर्दै एकीकृत र बहुउद्देश्यीय विकास गर्न सम्भव छ ।**

५) जापानको सहयोगमा अध्ययन भैसकेको सप्तगण्डकी बहुउद्देश्यीय परियोजना अगाडि बढाउन सकिने छ ।

६) स्थानीय तह, प्रदेश र सङ्घको एकल तथा साझा अधिकारको सूचीसमेतको आधारमा समन्वय गरी भैरहवा तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलहरूसँग द्रुत रेल मार्ग, मेट्रो सेवा मार्फत जोड्न सकिने छ ।

७) चितवन राष्ट्रिय निकुञ्ज र यससँग जोडिएको वन क्षेत्रलाई समेटेर विश्वकै आकर्षक प्राकृतिक चिडियाखानाका रूपमा विकास गर्न सकिने छ ।

८) आधुनिक कृषि प्रणाली अन्तर्गत उच्च मूल्य भएका, कृषि उत्पादन, तरकारी तथा फलफूल खेती, बीउ बिरुवा, पुष्प व्यवसाय, दुग्ध उत्पादन, कुखुरा तथा पंक्षीजन्य उत्पादन, मत्स्यपालन, माहुरी पालन जस्ता उत्पादनका क्षेत्रको विकास गरी भण्डारण र बजारीकरणको व्यवस्था गर्न सकिन्छ ।

९) महानगरमा अवस्थित कृषि तथा वन विश्व विद्यालयलाई ज्ञानमा आधारित आधुनिक कृषि प्रणाली विकास गर्ने काममा उत्पादकसंग जोडेर व्यवसायिक कृषि उत्पादनमा ठूलो परिवर्तन गर्न सकिने अवस्था छ ।

१०) अध्ययन अनुसन्धान, सूचना प्रविधि, इन्जिनीयरिंग, कला र गणित (STEAM) अध्ययन, साइन्स अध्ययन म्युजियमको व्यवस्था गरी विद्यावत सहर (Knowledge City) को रुपमा विकास गर्न सकिनेछ ।

यस्ता थुप्रै सम्भावनाहरूलाई यथार्थमा रुपान्तरण गर्ने हाम्रो नयाँ समसामयिक सोँच र पूरा हुन बाँकी विगत देखिका प्रतिवद्धता लिएर हामी महानगरवासी सामु आएको छौँ ।

**आदरणीय जनसमुदाय,**

नेकपा (एमाले) का अध्यक्ष क. केपी ओली सरकारको पालामा सघन सहरी तथा भवन निर्माण आयोजना चितवन अन्तर्गत ८७ करोड ८८ लाख रुपैयाँ लागतमा भरतपुरमा अन्तर्राष्ट्रिय स्तरको सिटीहल निर्माण गर्न निर्माण कम्पनीसँग सम्झौता भएको हो । त्यस्तै डिभिजन सडक कार्यालय भरतपुर अन्तर्गत पुल्चोकदेखि गोन्द्राङसम्मको राजमार्गमा ६ लेन सडक निर्माणको लागि एक अर्ब १२ करोड रूपैयाँमा ठेक्का सम्झौता भएको छ । पूर्व प्रधानमन्त्री केपी ओलीबाट २०७७ माघ १७ गते शिलान्यास भएका यी दुवै परियोजना हाल निर्माणको चरणमा छन् । भरतपुरमा औद्योगिक प्रदर्शनी केन्द्र निर्माण, भरतपुर-माडी-ठोरी मार्ग विस्तार, दासढुङ्गामा पुल निर्माण, दासढुङ्गा र गाजीपुरमा मदन स्मृति पार्क निर्माणमा हाम्रो पार्टीको तर्फबाट निर्वाचित जन-प्रतिनिधिहरूको समन्वय र प्रभावकारी भूमिका रहेको छ । भरतपुर २९ को चौकीडाँडा बाटोको लागि २५ करोड बजेट विनियोजन, पांच करोडको लागतमा विशाल चोक-

गाईखर्क सडक निर्माण, ग्रामीण विद्युतीकरण, विद्यालयको पूर्वाधार निर्माण, मठ मन्दिर निर्माण र सार्वजनिक भवन निर्माण, वार्ड नम्बर १० लगायत विभिन्न वडामा ढल तथा सडक सुधार गर्ने जस्ता काममा संघीय सांसद कृष्णभक्त पोखरेलले गरेको समन्वयबाट यहाँको जनसमुदाय लाभान्वित भएको छ । गणेशधामलाई प्रमुख पर्यटकीय गन्तव्य बनाउने, पुङ्गीखोला तथा केरुङ्गा खोलालाई व्यवस्थित गर्ने बहुवर्षीय योजना निर्माण गरी कार्य आरम्भ गर्न, शिक्षालयहरूमा भौतिक तथा गुणस्तर विकासको लागि सहयोग गर्ने, गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालालाई जन सहयोग जुटाउने जस्ता कार्यमा प्रदेश सांसद विजय सुवेदीको अगुवाई रहेको व्यहोरा सर्वविदितै छ ।

त्यस्तै प्रदेश सांसद कृष्णप्रसाद भुर्तेलको समन्वय र पहलमा आफ्नो निर्वाचन क्षेत्रका ३३ वटा विद्यालय र ४ वटा क्याम्पसको पूर्वाधार निर्माणमा १४ करोड ५० लाख रकम लगानी भएको छ । त्यस्तै गरी भरतपुर वार्ड नं. २६, २७, २८ को नारायणी नदी किनारमा भविष्यमा बन्ने चक्रपथलाई सहयोग हुने गरी बहुवर्षीय योजना अन्तर्गत प्रारम्भ भएको सडकमा २९ करोड विनियोजन गराउने, जनावर र जनताबीचको द्वन्द्व व्यवस्थापन लगायतका क्षेत्रमा माननीय कृष्णप्रसाद भुर्तेलको समन्वयकारी भूमिका महत्वपूर्ण रहेको छ । वडाको लागि विनियोजित सीमित विकास बजेटबाट सम्पादन भएको काममा हाम्रो पार्टीको तर्फबाट प्रस्तावित भएर निर्वाचित जनप्रतिनिधिहरूको जनताले सकारात्मक मूल्याङ्कन गरेको पाएका छौँ । सम्वन्धित वडा प्रतिनिधिहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

**स्वच्छ, सुन्दर समृद्ध भरतपुर सहर निर्माणमा वर्तमानका चुनौतीहरू**

तीब्र सहरीकरण र अव्यवस्थित बसोवासको कारण आधा भन्दा बढी जनसङ्ख्या गुणस्तरीय पिउने पानीको पहुँच भन्दा बाहिर छन् । साँघुरा र कच्ची सडकहरू एवं अव्यवस्थित ढल निकासको कारण प्रदूषण बढ्दो छ । हरेक वर्ष डेंगु लगायतका संक्रामक रोग फैंलिदों छ । हरेक वर्ष सडक दुर्घटनाहरूमा वृद्धि भएका छन् । गुणस्तरीय शिक्षा र स्वास्थ्यमा विपन्न वर्गका जनताको पहुँच पुग्न सकेको छैन । स्वास्थ क्षेत्रबाट निस्कने अत्यन्त हानिकारक फोहोरको व्यवस्थापन हुन सकेको छैन । कृषि योग्य भूमिको खण्डीकरण र क्षयीकरण, उत्पादनमा ह्रास, विषाक्त र गुणस्तरहीन फलफूल तरकारी तथा खाद्य सामग्रीको आयात जस्ता कुराहरू उपभोक्तासँग प्रत्यक्ष जोडिएका समस्या हुन् । झन्डै दुई दशकको बीचमा १५०० विघा भन्दा बढी जमिन कटान भएको छ र यो क्रम जारी छ ।

सडक, विद्युत, खानेपानी, सिँचाइ, इन्टरनेट जस्ता आधारभूत आवश्यकताका कुराहरू अझै पनि सर्वसुलभ हुन सकेको छैन । बौद्धिक, प्राविधिक र शारीरिक श्रम गर्ने युवा तथा दक्ष जनशक्ति विदेशिने क्रम निरन्तर बढिरहेको छ । भूमिहीन तथा अव्यवस्थित बसोवासीहरूको समस्या समाधान हुन सकेको छैन । नदी कटान, बाढी पहिरोको कारण हरेक वर्ष भूक्षयको समस्या, जङ्गली जनावरबाट हुने मानवीय तथा भौतिक क्षति जस्ता समस्याहरू महानगरका जनताले विगतदेखि भोग्दै आएका छन् ।

**अब के गर्ने योजना छ ?**

**व्यवस्थित सहर, मानवीय सहर, वातावरणीय सहर, शिक्षा, स्वास्थ्य, रोजगार र अवसरको प्रत्याभूति दिने सहरको रुपमा भरतपुर महानगरलाई विकास गर्न हामीले देहायका सोँच, नीति, कार्यक्रम र योजना अघि सारी महानगरवासीका सामु कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गर्दछौँ । यी योजनाहरु महानगरले सङ्घीय सरकार, प्रदेश सरकार, दातृ संस्थाबाट प्राप्त गरिने सहयोग, नागरिक समाज, सङ्घ संस्था, उद्योगी, व्यावसायी र जनसहभागितासँगको सहकार्यबाट कार्यान्वयन गरिनेछ ।**

**१) निम्नानुसार व्यवस्थित सहरी विकासको योजना तर्जुमा गरिनेछ ।**

- भरतपुर महानगरको सहरी विकासको २० वर्षे दीर्घकालीन गुरुयोजना
- गुरुयोजनाको अधीनमा रही भौतिक विकासका क्षेत्रगत योजना,
- समग्र महानगरको सडक सञ्जालको योजना

- खानेपानी तथा ढल निकासको योजना
- वर्षाको पानी तथा बाढी निकासका लागि सञ्जाल (नेटवर्क) को योजना
- प्रमुख नयाँ बजार केन्द्र लगायत हरेक वडामा स्थानीय बजार केन्द्र विकासको योजना
- खुला क्षेत्र र सार्वजनिक पार्क विकासको योजना
- शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक सेवा सुधारको योजना
- पर्यटन विकास तथा सांस्कृतिक संरक्षणको योजना

२) **पूर्वाधार तथा भौतिक विकासका लागि निम्नानुसार कार्यक्रम निर्माण र कार्यन्वयन गरिनेछ :-**

❖ गुरूयोजना वा अन्य क्षेत्रगत योजनाको प्रतिकूल नहुने गरी पूर्वाधार तथा अन्य संरचना निर्माण गर्ने

❖ पूर्वाधार तथा अन्य भौतिक संरचना निर्माणका लागि आधुनिक मापदण्ड निर्धारण गरी लागू गर्ने

❖ जग्गा कारोबार तथा विकास (रियल-स्टेट तथा प्लटिङ) सम्बन्धित निजी व्यवसायलाई व्यवस्थित, सहजीकरण तथा नियमन गरिने छ ।

❖ निजी क्षेत्र मार्फत व्यावसायिक तवरले जग्गा विकास (प्लटिङ) गर्दा सडक, खुल्ला क्षेत्र, पार्किङ, प्लटको न्युनतम क्षेत्रफल लगायतका मापदण्ड निर्धारण गरी लागू गरिने छ ।

❖ समग्र महानगर क्षेत्रमा 'ग्राउण्ड कभरेज', 'फ्लोर-एरिया-रेसियो' लगायतका भवन निर्माणको मापदण्डको समीक्षा गरी उपयुक्त र व्यबहारिक मापदण्ड निर्धारण गरिने छ ।

❖ महानगरपालिकाले दक्ष आर्किटेक्ट र इन्जिनियरको परामर्शमा विभिन्न साइजका आवासीय भवनको आकर्षक र किफायती नमुना डिर्जान तयार गर्ने । इच्छुक नागरिकलाई सो नमुना अनुसारको भवन निर्माणको डिजिटल नक्सा निःशुल्क उपलब्ध गराउने, र सो को नक्सा पास एकै दिनमा हुने व्यवस्था मिलाइने छ ।

❖ सडक लगायत विभिन्न पूर्वाधारका लागि आवश्यक जग्गा संभव भएसम्म एकीकृत जग्गा विकास कार्यक्रम मार्फत प्राप्त गर्ने । यसका लागि कुनै पनि जग्गा धनी मर्कामा नपर्ने सुनिश्चिताका लागि जग्गा सट्टा-पट्टा गर्न मिल्ने 'ल्यान्ड बैंकिङ' अवधारणालाई समेत लागू गर्न आवश्यक कानुनी व्यवस्था मिलाइने छ ।

❖ सडक योजनाले निर्दिष्ट गरेअनुसार बाहिरी र भित्री चक्रपथ तथा मुख्य सहरी सडक निर्माणलाई चरणवद्ध प्राथमिकता दिने ।

❖ सडक किनारमा साइकल लेन, चौडा फुटपाथ र रुख रोप्नका पर्याप्त ठाउँ पुग्ने गरी सहरी सडक सीमा (राइट-अफ-वे) निर्धारण गर्ने ।

❖ समग्र महानगर क्षेत्रमा स्मार्ट सडक बत्तीको व्यवस्था गर्ने ।

❖ समग्र महानगर क्षेत्र समेटेर सार्वजनिक यातायातको रुट निर्धारण गर्ने, र सार्वजनिक यातायातका निजी सञ्चालकसँगको सहकार्यमा सार्वजनिक यातायातलाई भरपर्दो र गुणस्तरीय बनाउने ।

❖ सडक ट्राफिक सुरक्षाका लागि जनचेतना अभिवृद्धि तथा नियमनको व्यवस्था मिलाउने ।

❖ भरतपुर-रामपुर-मेघौली तथा भरतपुर-गीतानगर-जगतपुर जस्ता महानगरका मुख्य रुटहरूमा ट्रली बस, ट्राम तथा सहरी रेल प्रणालीको सम्भाव्यता बारे अध्ययन गर्ने, र सम्भव देखिएमा क्रमिक रुपमा कार्यान्वयन गर्ने ।

❖ भरतपुर विमानस्थललाई स्थानान्तरण गर्ने, र उक्त स्थानलाई हरित क्षेत्र, उच्च प्रविधियुक्त व्यवसायिक क्षेत्र र खुला सहरी क्षेत्र (टुँडिखेल) का रुपमा उपयोग गर्ने विषयमा सम्भाव्यता अध्ययन गर्ने र उपयुक्त विकल्प कार्यान्वयन गर्न सङ्घीय सरकारसँग समन्वय गर्ने,

❖ रङ्गशाला, सभाहल जस्ता सार्वजनिक संरचनाको निर्माण र सञ्चालनमा सहरी तथा बजार विकासको योजनासँग समन्वय गर्ने ।

- नारायणी नदीमा रहेको हालको पुलको विकल्पमा सिग्नेचर पुल निर्माण गर्न र सम्भाव्यताको अध्ययन गरी नवलपुरसँग जोड्ने गरी थप पुलको व्यवस्था मिलाउन समन्वय गरिने छ।
- वर्षाको पानी निकासको अभावमा डुवान क्षेत्रको पहिचान गरी ड्रेन निर्माणलाई प्राथमिकता दिइने छ।
- खानेपानी, ढल, विद्युत, टेलिफोन, इन्टरनेट जस्ता पूर्वाधारका भूमिगत पाइप/तारलाई एकीकृत रुपले निर्माण र व्यवस्थापन गर्न सहरका मुख्य सडकमा 'युटिलिटी-टनेल' को अवधारणा लागू गर्ने।
- सुलभ, सहज र भरपर्दो सूचना प्रविधि सेवाका लागि निजी क्षेत्रसँगको साझेदारीमा महानगरले 'हाइस्पिड फाइबर अप्टिक नेटवर्क' को निर्माण गर्ने।
- सार्वजनिक स्थानहरूमा निःशुल्क इन्टरनेट सेवाका लागि निजी क्षेत्रको सहकार्यमा 'इन्टरनेट हट-स्पट' को व्यवस्था गर्ने।
- प्रत्येक वडामा सानो सभाहल सहितको सामुदायिक भवन र निजी क्षेत्रको साझेदारीमा खुल्ला व्यायाम शाला र स्विमिङ-पुल निर्माण गर्ने।
- महानगरका हरेक क्षेत्रमा सार्वजनिक शौचालयको व्यवस्था गर्ने।
- नदी किनारमा चौडा बाँध-सडक निर्माण गरी समग्र करिडोरमा आकर्षक र सुन्दर सहरी विकासका योजना मार्फत नारायणी तथा राप्ती नदी स्रोतको अधिकतम सदुपयोग गर्ने।
- सङ्घीय सरकारसँगको समन्वयमा सप्तगण्डकी बहुउद्देश्यीय आयोजना अघि बढाउने। सो योजनामार्फत नारायणी लिफ्ट तथा खगेरी सिँचाई प्रणालीमा अतिरिक्त पानी प्रवाह गरी सिँचाई तथा अन्य प्रयोजनका लागि उपयोग गर्ने। साथै जलयातायात तथा बाढी व्यवस्थापनमा समेत उपयोग हुने गरी नारायणी तथा राप्ती नदी जोड्ने क्यानलको सम्भाव्यता अध्ययन गर्ने।

**३) सामाजिक विकासको क्षेत्रमा निम्नानुसारको नीति तथा योजना निर्माण गरिनेछ :-**

- सामाजिक न्याय र समानताको मापनमा भरतपुरलाई नेपाल कै अग्रणी नगरका रुपमा चिनाउने।
- समाजमा विद्यमान छुवाछुत जस्ता कुरीति र भेदभाव विरूद्ध नागरिक चेतनाको अभिवृद्धि साथै कानुनी व्यवस्था गर्ने।
- भरतपुर महानगरलाई गुणस्तरीय स्वास्थ्य सेवामा नेपाल कै अग्रणी केन्द्र बनाउन महानगरपालिकाले सहजीकरण गर्ने।
- नागरिकको स्वस्थ्य जीवनका लागि जनस्वास्थ्य सम्बन्धित चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।
- मातृ शिशु स्वास्थ्य कार्यक्रमलाई प्रभावकारिता बढाउन महानगरपालिकाले विशेष पहल गर्ने।
- सरकारी अस्पतालको समन्वयमा महानगरबासीहरूको नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाउने।
- नगरबासीको शारीरिक तथा मानसिक स्वास्थ्यका लागि बिहान-बेलुका हिँडडुल गर्ने सुविधा, खेल मैदान, खुल्ला तथा साङगीतिक व्यायामशाला, सार्वजनिक पार्क जस्ता पूर्वाधारको व्यवस्था गर्ने, साथै ध्यान-योग केन्द्र सञ्चालन गरिने छ।
- नारायणी नदी सभ्यतालाई प्रवर्द्धन गर्दै देवघाटदेखि त्रिवेणीसम्मका र अन्य स्थानका धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका स्थान तथा मठ-मन्दिरको संरक्षण तथा विकासमा जोड दिने।
- वन्यजन्तुले मानववस्तीमा प्रवेश गरी आक्रमण गर्ने प्रवृत्तिलाई न्यूनीकरण गर्न सम्बन्धित निकायसँगको समन्वयमा आवश्यक कदम चालिने छ।

- सेवा निवृत्त राष्ट्रसेवकहरु तथा वैदेशिक सेवासहित फर्किएका सेवा निवृत्तहरुको ज्ञान, सीप, कला अनुभवलाई ज्ञान भण्डारको रुपमा सदुपयोग गरिने छ र नयाँ पुस्तामा स्थानान्तरण गर्ने प्रबन्ध मिलाइने छ ।

४) **सुशासन**

- महानगरको काम कारवाहिमा हुने अनियमता र भाष्टाचारमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।
- महानगरबाट नागरिकलाई हुने सेवा प्रवाहलाई सूचना प्रविधिको प्रयोग लगायतका उपायबाट सहज र सुलभ बनाउने ।
- महानगरपालिकाको विकास योजना र कार्यान्वयन तथा प्रशासनिक कार्यमा अधिकतम पारदर्शिता तथा जनउत्तरदायित्व कायम गर्ने ।
- विकास निर्माण कार्यको संझौतामा उल्लेखित मापदण्ड र गुणस्तर सार्वजनिक जानकारीका लागि निर्माणस्थलमा टाँस्ने, र आमनागरिकले समेत निर्माण कार्यको रेखदेखमा रुचि राख्ने साथै अनियमितताको सूचना महानगरलाई दिने संयन्त्रको व्यवस्था मिलाइनेछ ।

५) **साङ्गठनिक संरचना नीति, कानुन तथा योजना तर्जुमा एवं कार्यान्वयन**

- विज्ञहरूको संलग्नतामा महानगर स्तरीय स्वयम्सेवी योजना आयोग बनाइनेछ । सोको सिफारिसमा नीति, योजना, कार्यक्रम बनाइनेछ । **जनताबाट सिकेर जनताकै हितमा प्रयोग गर्ने** विधि अवलम्बन गरिनेछ ।
- विज्ञहरू तथा जनप्रतिनिधिको सहभागितामा संविधानले प्रदान गरेका स्थानीय तहका एकल अधिकार सम्वन्धित सबै विषयमा नीति तथा रणनीतिहरूको तर्जुमा गरिनेछ । वडा तह सम्मको प्रभावकारी साङ्गठनिक संरचना तयार पारी जनशक्ति व्यवस्थापन र परिचालन नीति तयार गरिनेछ ।
- नीति रणनीति अन्तर्गत रहेर ऐन-कानुन, नियमावाली, कार्यविधि, निर्देशिका आदि तर्जुमा र कार्यान्वयनमा वडालाई अधिकारसम्पन्न बनाइनेछ । विभिन्न क्षेत्रगत योजनाको तर्जुमा र कार्यान्वयन गर्दा तथ्यांक, अभिलेख, मापदण्डका आधारमा सुशासन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरिनेछ । लेखा प्रणाली पारदर्शी बनाइनेछ ।
- २९ वटै वडामा सबै प्रकारको सेवा उपलब्ध हुने गरी सेवा विस्तार र प्रशासनिक व्यवस्थापन मिलाइनेछ ।
- जमिन उपयोग सम्वन्धित नीति, बैज्ञानिक कर प्रणाली, आर्थिक कार्यविधि, वित्तीय उत्तरदायित्व, खरिद, जि.डी.पि.को २५ प्रतिशत कम हुने गरी राजस्व परिचालन तथा स्रोतको व्यवस्थापन सम्बन्धी कानूनलाई प्रभावकारी बनाइनेछ । यसो गर्दा करको दरभन्दा दायरा बढाइनेछ ।
- विकास तर्फको अधिकतम बजेट वडा मार्फत खर्च गर्ने प्रणालीको विकास गरिनेछ ।
- टोल विकास संस्थाहरूलाई सुशासन र विकास निर्माणसंग जोड्ने गरी नीति नियम निर्माण गरिनेछ ।

६) **शिक्षाः**

पछिल्लो तथ्यांक अनुसार भरतपुरमहानगरमा सामुदायिक १२३ र संस्थागत ९७ गरी २२० विद्यालयमा ३२२७ शिक्षकले करीब ९० हजार विद्यार्थीलाई पढाइरहेको पाइन्छ । सामुदायिक २०० र संस्थागत ९७ गरी २९२ बालविकास केन्द्र छन् । शिक्षक विद्यार्थी अनुपात आधारभूत तहमा २१.६६ र माध्यमिक तहमा ३३ .५५ तथा सिकाइ उपलब्धी ५० प्रतिशतको वरीपरी छ शिक्षा मन्त्रालयको स्वीकृतिमा २ वटा र सिटिइभिटिको सम्बन्धनमा ८ वटामा प्राविधिक विषय पढाइ भएको छ तर प्राविधिक विषय पढ्ने विद्यर्थी संख्या न्यून छ । कक्षा ११, १२ मा विज्ञान पढाइ हुने सामुदायिक विद्यालयको संख्या महानगर भित्र ४ वटा मात्रै छ । २० प्रतिशत जति विद्यार्थीले मात्रै कक्षा ११, १२ मा विज्ञान पढ्ने गर्दछन । दृष्टिविहीन, बहिरा, बौद्धिक अपाङ्गता, अटिजम समेत गरी ६ वटा विशेष विद्यालय छन् । संघीय सरकारको

निर्णय अनुसार नारायणी मा.वि.र दुर्गा शेषकान्त मा.वि.नमूना विद्यालयको रुपमा संचालित छन् । महानगरमा पहुँचको भन्दा गुणस्तरमा, अर्थात मात्रात्मक भन्दा गुणात्मक विकासमा ध्यान केन्द्रित गर्नु पर्ने अवस्था छ । परीक्षाको राम्रो नतिजाको साथै जीवन उपयोगी सिकाइको उपलब्धि बढाउनु पर्ने छ ।

**शिक्षा क्षेत्रमा निम्न अनुसार गरिने छ :**

- घोषित नमूना विद्यालयका राम्रा अभ्यासहरू अरु विद्यालयमा स्थानान्तरण हुने व्यवस्था मिलाइनेछ ।
- स्वयंसेवा गर्न चाहने स्वतन्त्र प्राज्ञहरूको बोर्ड गठन गरी विद्यालयमा पठन-पाठन सुधार गर्न र सिकाइ उपलब्धी बढाउनका लागि अनुसन्धान, सुपरिवेक्षणमा आधारित भएर प्रभावकारी उपायहरूको पहिचान गर्ने । महानगरले बोर्डको सिफारिस समेतको आधारमा गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।
- निश्चित सरकारी तथा निजी विद्यालयहरूलाई महानगरको अनुदान सहित महानगर स्तरका नमूना विद्यालयका रुपमा बिशेष सुधारका कार्यक्रम लागु गर्ने ।
- राष्ट्रिय स्तरमा नै गुणस्तरीय ठहरिन सक्ने विद्यालय सञ्चालनको संभाव्यता बारेमा अध्ययन गर्ने र संभव देखिएका त्यस्ता विद्यालयलाई राष्ट्रिय एवं प्रदेश स्तरको नमूना विद्यालयको रुपमा विकसित गर्न महानगरले लगानी गर्नुको साथै संघीय सरकार संग समन्वय गर्ने ।
- चितवन उपत्यकाको इतिहास र संभावना बारेमा विद्यालय स्तरको सामाजिक शिक्षामा पढाईहुने गरी सिकाइ सामग्री तयार गर्ने ।
- सिकाइको स्तर वृद्धि, शिक्षकको सीप विकास र मर्यादा अभिवृद्धि, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकलाई जीवन उपयोगी सिकाइ अभिवृद्धिसँग जोड्न नीति नियम योजना र स्रोत व्यवस्थापन गरिनेछ ।
- प्रत्येक विद्यालय सूचना प्रविधि सहित न्यूनतम मापदण्ड पुगेका हुनेछन । पोषण सहितको प्रारम्भिक बालविकास तथा शिक्षाको प्रवन्ध भएका हुनेछन । विद्यालय छाड्ने दर शुन्य बनाउने योजनाहरू कार्यन्वयन गरिनेछ ।
- ११, १२ कक्षासम्म विज्ञान विषय पढ्ने पढाउने विद्यार्थी, शिक्षक, विद्यालयको संख्या वृद्धि हुने व्यवस्था गरिनेछ ।
- संस्थागत विद्यालयको लगानी र सिर्जना भएको रोजगारी नगुम्ने गरी विद्यालय नक्सांकन गरी समायोजन गरिनेछ । सामुदायिक विद्यालय गाभ्नु पर्ने स्थितिमा विद्यालयको सम्पत्ति भविष्यमा शैक्षिक विकासमै प्रयोग हुनेगरी संरक्षण गरिनेछ ।
- विद्यालय, क्याम्पस, कृषि तथा वन विश्वविद्यालयको सिकाइलाई काम र परियोजनासँग जोड्ने व्यवस्था गरिनेछ ।
- शतप्रतिशत साधारण साक्षरताको साथै कानूनी साक्षरता, वित्तीय साक्षरता, डिजिटल साक्षरता, विद्यालय बाहिरका बालबालिकालाई शिक्षा, खुला तथा वैकल्पिक तरिकाबाट निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षालाई थप व्यवस्थित गरिने छ ।
- संस्कृत शिक्षा, नैतिक शिक्षा, योग शिक्षा, सुरक्षा शिक्षा लगायतको जीवनोपयोगी शिक्षालाई स्थानीय पाठ्यक्रम र अतिरिक्त क्रियाकलापसँग जोडिनेछ ।
- प्राविधिक धारको पढाइ हुने नजिकका विद्यालयमा विषय नजुधने गरी संचालन हुने मापदण्ड तथा संचालन निर्देशिका बनाएर व्यवस्थित गरिनेछ ।
- स्वास्थ्य तथा शारीरिक शिक्षा, खेलकूद, स्काउट, रेडक्रस लगायत अतिरिक्त क्रियाकलापको व्यवस्था, स्थानीय पुस्तकालय तथा वाचनालयको विस्तार, विकास एवं व्यवस्थापन गरिनेछ ।
- भरतपुर प्रज्ञा प्रतिष्ठानलाई स्वायत्त प्राज्ञिक एवं अनुसन्धान केन्द्रको रुपमा विकसित गरिनेछ ।
- सामुदायिक शैक्षिक संस्थामा अध्ययन गर्ने गरीवीको रेखामुनिका विद्यार्थी तथा सबै छात्राहरूलाई शैक्षिक सामग्री सहयोग गरिनेछ ।

- यस महानगरको गौरवको रूपमा रहेको कृषि तथा वन विश्वविद्यालयलाई अध्ययन, अनुसन्धान र प्रविधि प्रसारको लागि आवश्यक सहयोग उपलब्ध गराई कृषि तथा वनको विकासमा विश्वविद्यालयको भूमिका प्रभावकारी बनाइनेछ । यस विश्वविद्यालयबाट उत्पादित दक्ष्य जनशक्ति र प्रविधिलाई कृषिको व्यवसायिकरण सँग जोडिनेछ ।
- वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन इन्जिनियरिङ्ग क्याम्पस, भरतपुर अस्पताल र क्यान्सर अस्पताल अन्तर्गतका शैक्षिक कार्यक्रमहरू लगायत सामुदायिक तथा नीजी क्षेत्रका क्याम्पसमा हुने पठन पाठन गुणस्तरीय बनाउन प्राज्ञिक बोर्डको सिफारिस अनुसार समन्वय र सहजीकरण गरिनेछ ।
- सबै शैक्षिक संस्थाहरूका संरचनाहरू अपाङ्ग मैत्री हुने गरी सुधार गरिनेछ ।
- गरिबीको रेखामुनिका विद्यार्थीहरुको सिकाइ प्रबर्द्धन गर्न विशेष कोषको व्यवस्था गरी आवश्यक सुविधा प्रदान गरिने छ ।

७) **स्वास्थ्य:**

शारीरिक, मानसिक, सामाजिक रुपले तन्दुरुस्त रहेको अवस्था नै स्वस्थ्य हो भन्ने डब्लु एच ओ को मान्यतालाई आत्मसात गर्दै दिगोविकास लक्ष ३ अनुसार सबै उमेर समूहका व्यक्तिकालागि स्वस्थ्य जीवन सुनिस्चित गर्नु स्थानीय सरकारको दायित्व हो भन्ने कुरामा हामी सचेत छौं । आधारभुत स्वास्थ्यमा पहुँचको ठूलो समस्या नभए पनि सेवामा गुणस्तर, विशिष्टिकृत सेवा अपर्याप्त छ । ६०० बेडको केन्द्रीय स्तरको भरतपुर सरकारी अस्पताल, बि.एस्सी .इन एन्कोलोजी पढाइ हुने ५०० बेडको बि.पि.कोइराला मेमोरियल क्यान्सर अस्पताल, जिल्ला जनस्वास्थ्य कार्यालय, २ वटा प्राइभेट मेडिकल कलेज, ९ वटा सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, आयुर्वेदिक औषधालय ६,स्‍ वास्थ्य चौकी १३, योगीनरहरीनाथ योग तथा प्राकृतिक चिकित्सालय लगायतका प्राकृतिक उपचार केन्द्र ५, निजी अस्पताल २७ र नगर स्वास्थ्य केन्द्र १ ले हाल स्वास्थ सेवा प्रदान गरिरहेका छन् । कतिपय यी संस्थाहरू केन्द्रीय चिकित्सा नीति र मापदण्ड भित्र चलेका छैनन् । स्वास्थ्य अधिकारलाई सुनिस्चित गर्न बनाइएको स्वास्थ्य विमा कार्यक्रम राम्रो कार्यक्रम हो तर प्रभावकारी कार्यान्वयन हुन नसक्दा मुलुकले धान्न नसक्ने, जनतामा विस्वास घट्ने अवस्था देखिएको छ । स्वास्थ सेवालाई व्यवस्थित गर्न निम्नानुसार प्रतिवद्धता व्यक्त गर्दछौं :-

- आधारभूत स्वास्थ्य उपचार सेवा निःशुल्क गराउन सबै परिवारलाई समेट्ने गरी स्थानीय स्वास्थ्य बीमा लागु गरिनेछ ।
- संघीय सरकारसँग मिलेर भरतपुर अस्पताललाई ट्रमा सेन्टर, प्रसुति गृह लगायत सम्पूर्ण आधुनिक सुबिधा, स्रोत साधन, जनशक्ति सहितको केन्द्रीय शिक्षण अस्पतालमा स्तरोन्नति गर्न पहल गरिनेछ ।
- क्यान्सर रोगको रोगथाम, उपचार, अध्ययन, अनुसन्धानको लागि वीपी मेमोरियल क्यान्सर अस्पताल भरतपुरलाई उत्कृष्ट प्रतिष्ठान तथा अन्कोलोजी शिक्षण अस्पताल तथा अनुसन्धान केन्द्रको रूपमा विकसित गर्न समन्वय र सहजीकरण गरिने छ ।
- अस्पताल र स्वास्थ्य केन्द्रहरूमा उपकरण र दक्ष जनशक्तिसहितको एम्बुलेन्स सेवा, खोप सेवा, प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व एवं बाल तथा शिशु स्वास्थ्य सेवा, जेष्ठ नागरिक सेवा, असक्त नागरिक सेवा सर्व सुलभ बनाइनेछ ।
- नेपाल नेत्रज्योति संघ, हिरालाल सन्तुदेवी प्रधान, नेत्रविज्ञान अध्ययन संस्थान अन्तर्गत सञ्चालित भरतपुर आँखा अस्पताललाई भरतपुर अस्पतालले २०४० सालमा उपलब्ध गराएको ४ बिघा जमिनमा संचालित सामाजिक स्वास्थ्य संस्था हो । समाजसेवीहरूको ठूलो आर्थिक सहयोग रहेको यो भरतपुर आँखा अस्पतालको संरक्षण सम्वर्धन गर्न विशेष पहल गरिनेछ ।

- अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा एलोप्याथिक, आयुर्वेदिक, योग तथा प्राकृतिक चिकित्सा लगायत वैकल्पिक उपचार पद्धतिलाई एकीकृत र समन्वयात्मक रूपमा सेवामा ल्याइनेछ । बागेश्वरीमा रहेको प्राकृतिक चिकित्सा केन्द्रलाई विस्तारित गरी १०० सैयाको बनाइनेछ र प्राकृतिक चिकित्सक अनुसन्धान तथा प्रशिक्षण केन्द्रको रूपमा विकसित गरिनेछ ।
- रक्तदान र मरणोपरान्त अङ्गदानलाई प्रोत्साहन गर्न सचेतना अभियान सञ्चालन गरिनेछ । नेपाल रेडक्रस अन्तर्गत रहेको ब्लड बैंकको क्षमता वृद्धि गरिनेछ र अत्याधुनिक प्रविधियुक्त बनाइनेछ ।
- कुपोषण समाप्त गरिनेछ । मातृशिशु पोषण अवस्थामा सुधार ल्याइनेछ । जनस्वास्थ्यमा असर पार्ने खाद्य पदार्थको विज्ञापनमा नियन्त्रण गरिनेछ । ६ वर्ष मुनिका बालबालिकाहरूका शारीरिक र बौद्धिक विकासका लागि प्रत्येक वडामा बालविकास केन्द्र स्थापना गरिनेछ ।
- प्रत्येक वडामा प्रसुतीकक्ष, आवश्यक स्वस्थकर्मी सहित न्यूनतम १५ शैयाको अस्पताल व्यवस्था गरिनेछ । स्वस्थ जीवनका लागि सबै वडाहरूमा सामुदायिक भवन, सामूहिक व्यायाम, योग र सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ । रेफेरल प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- जेष्ठ नागरिकलाई निशुल्क स्वास्थ्य बिमा कार्यक्रममा जोड्ने, स्वास्थ्य केन्द्र तथा अस्पतालबाट निशुल्क वितरण हुने औषधिको अनुगमन, विपन्न तथा अपाङ्गता भएका व्यक्तिको सहज औषधोपचारको प्रबन्ध गरी सर्वव्यापी स्वास्थ्यको सुनिस्चित गरिनेछ ।
- महामारी, विपद्, तथा अन्य स्वास्थ्य जोखिम व्यवस्थापनका प्रबन्ध गरिनेछ ।
- स्वास्थ्यका लागि हानिकारक खाद्यपदार्थको नियमन, सबै खाद्य वस्तुको मापदण्ड निर्धारण र गुणस्तर अनुगमन, तरकारी लगायत कृषि उत्पादनमा प्रयोग भएको विषादीको स्थलगत अनुगमन हुने विधि अपनाइनेछ ।
- समयसमयमा स्वास्थ्य सेवा शिविर सञ्चालन, प्रजनन स्वास्थ्य, पोषण सेवासम्बन्धी कार्यहरू र त्यसका प्रभाव ।
- सहकारी स्वास्थ्य सेवाको स्थापना तथा विस्तार गरिनेछ । एवं निजी क्षेत्रको स्वास्थ्य सेवाको लागत र गुणस्तर अनुगमन हुनेछ ।
- शारदानगरमा महानगरीय अस्पताल स्थापना गरिनेछ ।

**८) खानेपानी सरसफाई, फोहोर व्यवस्थापन तथा ढल निकास :**

संविधानले खानेपानीको दायित्व एकल अधिकारको रुपमा स्थानीय तहलाई र साझा सूची अनुसार प्रदेश र संघलाई समेत तोकेको छ । भरतपुरमा अहिले घर परिसरमा स्वच्छ पानीको धारा उपलब्ध परिवार ३०.५५ प्रतिशत रहेको, हाते पम्प तथा ट्युववेलबाट पानी उपभोग गर्ने जनसंख्या ५५.३२ प्रतिशत, ढाकिएको इनार कुवाको पानी प्रयोग गर्ने ९.४६ प्रतिशत रहेको, खुला इनार/कुवाको पानी प्रयोग गर्ने जनसंख्या झन्डै ३ प्रतिशत छ । हाल डिप बोरिंग प्रविधिबाट खानेपाने व्यवस्थापन बोर्डको व्यवस्थापनमा उपलब्ध भएको शुद्ध पानी २७ हजार परिवारमा मात्र उपलब्ध छ । खुलादिसा मुक्त घोषणा भए पछि पनि २.८७ प्रतिशत परिवारको निजी सौचालय नभएको देखिन्छ । नारायणगढ बजार तथा भरतपुर वार्ड १०, ११, १२ लगायतका घना वस्ती भएका ठाउँमा ढल निकास र फोहोर मैला व्यवस्थापन ठूलो चुनौतिको रुपमा देखिएको छ ।

**अब निर्वाचित स्थानीय सरकारले -**

- ❖ डिप बोरिंग प्रविधि व्यवस्थापनलाई विस्तार गरी २९ वटै वडामा शुद्ध खानी पानी आपूर्तिको व्यवस्था मिलाइनेछ ।
- ❖ पानी प्रशोधन तथा पानीको स्रोत, मुहान, जलाधारको सफाई, संरक्षण र सामुदायिक सचेतना सम्बन्धी व्यवस्था गरिनेछ ।

❖ धार्मिक स्थल, खानेपानीको मुहान, खुला क्षेत्र, सडक, टोल लगायत अन्य सार्वजनिक स्थलहरूमा सफाइ सुनिश्चित गरिनेछ
❖ पर्यटकीय स्थल, धार्मिक सांस्कृतिक स्थल, हाट बजार क्षेत्र, बसपार्क तथा मानिसको आवागमन बढी हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरिनेछ ।
❖ जैविक ऊर्जा र प्राङ्गारिक मल उत्पादनका माध्यमबाट 'फोहरलाई प्रशोधन गरी मोहरमा रूपान्तरण गरिनेछ । फोहोर मैला व्यवस्थापनको गुरुयोजना तर्जुमाबाट दीर्घकालीन समाधान खोजिनेछ । व्यवस्थापनमा सार्वजनिक, निजी साझेदारी विधि अपनाइनेछ ।
❖ फोहोर मैला तथा कवाडी सङ्कलन गर्ने, ढुवानी गर्ने, थुपार्ने, प्रशोधन गर्ने जस्ता कार्यबाट स्थानीय जनतालाई असर नपार्ने कार्यक्रम सञ्चालन गरिने छ ।
❖ प्राकृतिक वातावरणको संरक्षण तथा भौतिक वातावरणको स्वच्छताका बारेमा जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने छ ।
❖ फोहरमैला व्यवस्थापना 'थ्रि-आर' (रिड्युस, रियुज र रिसाइकल) लगायतका वैज्ञानिक पद्धति अपनाईने छ ।

**९) गरिबी निवारण तथा रोजगारी सिर्जना :**

पूर्ण रुपले बेरोजगार तथा आंशिक रुपले रोजगार हुने, गरीवीको रेखामुनीको जनसंख्याको भरपर्दो तथ्यांक निस्केको छैन । रोजगारीलाई व्यवस्थित गर्न निम्नानुसार गरिनेछ :-

- विपन्न वा निरपेक्ष गरिब परिवारको पहिचान गरी अभिलेख तयार गरिनेछ । त्यसका आधारमा परिचय पत्र दिने र गरिबीको रेखा मुनिका नागरिकालाई शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, यातयातमा विशेष सहुलियतको प्रवन्ध गरिनेछ ।
- विपन्नलाई उत्पादनका साधन उपलब्ध गराई काम, रोजगारी र आयआर्जनको अवसर दिलाइनेछ । त्यो सम्भव नहुनेका लागि मात्र नगदमा सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ ।
- बेरोजगारी अवस्थाको तथ्याङ्क सङ्कलन, सूचना प्रणाली विकास एवं रोजगार सूचना केन्द्रको व्यवस्थापन गरिनेछ ।
- निर्माण क्षेत्रमा अधिकतम रोजगारी सिर्जना हुनेगरी स्थानीय तहमा रोजगार कोष स्थापना र प्राविधिक व्यवसायिक तालिमको प्रवन्ध गरिनेछ ।
- स्वरोजगारीका लागि लघुउद्यम तथा उद्यमशीलता विकाससम्बन्धी कार्यक्रम निर्माण गरिनेछ ।
- विदेशबाट फर्केका व्यक्तिहरूको ज्ञान, सीप र पूँजीको सदुपयोग हुने व्यवस्था मिलाइनेछ । रोजगारीका अवसर सिर्जना गरी वैदेशिक रोजगारीमा जाने बाद्यता क्रमशः घटाइनेछ ।
- आवश्यकताका आधारमा विदेशी पूँजी र प्रविधिक भित्र्याउन एउटा छुट्टै इकाई गठन गरी सहजीकरण, समन्वय र प्रबर्द्धन गरिने छ ।
- सामूहिक लगानी, स्वदेशी उत्पादन र सेवामूलक उद्योग व्यवसायको विकासमा जोड दिइनेछ ।
- औपचारिक क्षेत्रको रोजगारीमा रहेका पेशाकर्मी तथा अनौपचारिक क्षेत्रको रोजगारीमा रहेका श्रमिकहरूको पञ्जिकरण गर्ने, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने, श्रमिकहरुको डेस्क राख्न, तालिम सीप प्रदान गर्ने,संलग्न रोजगारीमा प्रेरित रहने सुनिश्चित वातावरण निर्माण गर्न आवश्यक प्रवन्ध गरिनेछ ।

**१०) सडक तथा यातायात, सडक सुरक्षा**

हालसम्म भरतपुर महानगरभित्र अहिले पनि धुलो उड्ने सडक थुप्रै छन् । सडक पेटी सहितको पक्की सडक अत्यन्त कम छ । संघीय बजेटबाट छ वर्ष पहिले शुरु भएको भरतपुर बाइपास सडकको विस्तार योजनामा अहिले पनि धेरै

काम गर्न बाँकी छ । २०७९ फागुन सम्ममा सम्पन्न हुनुपर्ने संघीय बजेट अन्तर्गतको नारायणगढ गोंद्रांग सडक विस्तारको काम तोकिएको समयमा सम्पन्न हुने गतिमा काम भएको देखिंदैन । सडक दुर्घटनाको दर बढिरहेको छ । यी र यस्तै विषयलाई ध्यान दिंदै निम्न अनुसार प्रतिवद्धता व्यक्त गर्दछौं :-

- ❖ नारायणगढदेखि गोलाघाटसम्म नारायणी नदी किनारमा र गोलाघाटदेखि पटिहानीसम्म राप्ती नदीमा तटबन्ध गरी सडक, आवास, ग्रीन्बेल्ट, बिजुली लगायतका पूर्वाधार, जलयातायात, मनोरंजन लगायतका एकीकृत विकासको परियोजना निर्माण गरिनेछ । निकुञ्ज क्षेत्रको नदी किनारमा तटबन्ध गर्दा वन्यजन्तुमैत्री बनाइनेछ । चक्रपथ क्षेत्रमा पर्ने बजारहरूमा हरियाली पार्कहरू निर्माण गरिनेछ । भरतपुरको मुख्य बजार क्षेत्रलाई आधार मानेर भित्री चक्रपथ निर्माण गरिनेछ । चक्रपथहरूमा साइकल र फुटपाथ लेनको समेत व्यवस्था गरिनेछ । सबै सडक क्षेत्रमा सौर्य बत्तीको व्यवस्था गरिनेछ ।
- ❖ महानगरपालिकाभित्रका सबै सडकहरू कालोपत्रे सहित स्ट्रिट फर्निचर गरिनेछ । महानगरभित्र ढल र आकाशे पानी निकासका लागि उचित प्रबन्ध गरिनेछ । यसरी सडक निर्माण गर्दा प्रत्येक घरमा एम्बुलेन्स र दम्कल पुग्ने गरी विकास गरिनेछ ।
- ❖ नारायणगढ बजार लगायत सहरी इलाकामा पार्किङको व्यवस्था, महानगरमा कम्तिमा एउटा भेहिकल फिटनेश सेन्टर, सवारी प्रदुषण जाँचको व्यवस्था, सडक र फुटपाथ अतिक्रमणको व्यवस्थापन, सार्वजनिक सवारीबाट यात्रु चढ्ने र झर्ने स्थानको व्यवस्था, यात्रु प्रतिक्षालय निर्माण  गरी सडक यातयात व्यवस्थित र सुरक्षित गरिनेछ ।
- ❖ बसपार्क चोक, हाकिमचोक, चौबिस कोठी, वीरेन्द्र क्याम्पस आगाडी, सहिद चोक, पुल्चोक, पोखरा बसपार्क, बाइपास रोडको मालपोतचोक, नहर चोक, विशाल चोक लगायतका स्थानमा प्राथमिकता आधारमा क्रमश: आकासेपुल निर्माण गरिनेछ ।

### ११) कृषि तथा पशुपक्षी विकास

आर्थिक सर्वेक्षण २०७६ ले देखाए अनुसार चितवनमा कृषि क्षेत्रमा सक्रिय जनसंख्या ४४.०३ प्रतिशत छ । भरतपुर महानगरमा यो भन्दा केही कम हुन सक्छ । ज्ञानमा भन्दा परम्परागत अनुभवमा आधारित कृषि प्रणाली भएकोले कृषिमा व्यवसायीकरण र रोजगार मुलक हुन सकेको छैन ।

- ✶ कृषि तथा वन विश्व विद्यालयको प्राविधिक सहयोगमा माटो परीक्षण गरी कृषियोग्य जमिनमा उत्पादन योजना बनाइ कार्यान्वयन रणनीति तय गरिनेछ ।
- ✶ कृषि वीमा प्रबन्धको सहजीकरण, कृषि कर्जाको उपलब्धतामा समन्वय र प्रमुख कृषि उपजको समर्थन मूल्य समयमै निर्धारण गराइनेछ ।
- ✶ आवश्यक मात्रामा  कृषि तथा पशुसेवा सबन्धी प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ ।
- ✶ कृषिको उत्पादकत्व वृद्धि, उत्पादनको भण्डारण, प्रशोधन तथा बजारीकरणसम्बन्धी कार्यहरूको प्रवन्ध मिलाइनेछ  ।
- ✶ कृषक क्षमता विकास, कृषि तथा पशुपक्षीसम्बन्धी तालिम, प्रविधि प्रचार प्रसार, प्राविधिक सेवा, कृषि सामग्री आपूर्ति सम्बन्धी कार्यहरू गरिनेछ ।
- ✶ कृषि अनुदान तथा प्राप्त गरेको सहुलियत ऋणको सदुपयोग, उत्पादनको उचित मूल्य जस्ता विषयको अनुगमन गरिनेछ ।
- ✶ अर्गानिक खेतीको विकास, प्राङ्गारिक मल र जैविक विषादीको उत्पादन, जलवायु परिवर्तनमैत्री कृषि प्रणालीको विकासलाई जोड दिइनेछ ।
- ✶ पशु बधशाला तथा शीत भण्डारहरूको स्थापना तथा व्यवस्थापन गरिनेछ ।

- ✶ कविलास लगायत पहाडी क्षेत्रमा हावापानी अनुकुल फलफूल, औषधी उद्योगसँग सम्वन्धित जडिबुटीको खेती गर्ने व्यवस्था मिलाइनेछ ।
- ✶ व्यवसायीक कृषीका लागि लगानिकर्ता र कृषकलाई प्रोत्साहन दिईनेछ । कृषीका लागि आववश्यक जग्गा लिजमा उपलब्ध गर्न गराउन  महानगरले समन्वय र  सहजिकरण गर्ने छ । भूमि बैंकको व्यवस्था गरिने छ ।
- ✶ व्यवसायीक तरकारी, फलफूल तथा अन्य खेतिपातीमा बिषादीको प्रयोगमा महानगरपालिकाले नियमित अनुगमन र प्रमाणिकरणको व्यवस्था मिलाउने छ । भरतपुरलाई सुरक्षित र स्वस्थ्य तरकारी उत्पादन केन्द्रको रुपमा चिनाईने छ ।
- ✶ कृषी उत्पादन प्रशोधन तथा अन्य कृषी जन्य उद्योगको स्थापना र सञ्चालनमा लगानिकर्तालाई प्रोत्साहन प्रदान गरिने छ ।
- ✶ मध्यवर्ति क्षेत्रमा बन्यजन्तुबाट खेतिपातीमा हुने नोक्सानीका घटना न्यूनिकरणका उपाय अवलम्वन गर्दै  किसानका खेतिपातिमा हुने नोक्सानीको उचित क्षतिपुर्तिको व्यवस्था मिलाईने छ ।

**१२) सहकारी क्षेत्रको विकासः यस शीर्षकअन्तर्गत निम्न कुरा समावेश गर्ने -**

हाल भरतपुरमा संचालित सहकारी मध्ये बचत तथा ऋण १४९, दुग्ध ७४, कृषि ५९, बहुउद्देशीय ३८, तरकारी ७, उपभोक्ता ६, जडिबुटी ६, सामाजिक उद्द्यमी ४, संचार २, मौरी १, माछा १, निर्माण कर्मी १, शीत भण्डार १, गरी जम्मा ३४९ सहकारी संस्थामध्ये ३४ वटा प्रदेशको नियमन क्षेत्राधिकार र ३१५ वटा भरतपुर महानगरपालिकाको नियमन क्षेत्राधिकारमा संचालित भएको पाइन्छ । झन्डै ५ अर्वको शेयर पूँजी, २२ अर्वको वचत सङ्कलन, १९ अर्वको ऋण लगानी, करिव १ अर्वको संस्थागत पूँजी रहेको उल्लेखित छ । २ लाख ६० हजार भन्दा बढि सदस्य रहेको सहकारी क्षेत्रले ३ हजार भन्दा बढिलाई प्रत्यक्ष रोजगारीको साथै ठूलो संख्याले अप्रत्यक्ष रोजगारीको अवसर दिएको हुनसक्छ । यस्तो विशाल क्षेत्र ओगटेको सहकारीलाई समृद्ध नेपाल सुखी नेपालीको अभिष्ट पूरा गर्न निम्नानुसारको व्यवस्था गरिनेछ :-

- ❖ भरतपुरको वार्ड १५ मा जिल्ला सहकारी संघको नाममा रहेको दुई विगाहा दश कठ्ठा जमिनमा कृषि उपजको संकलन, भण्डारण, प्याकेजिंग र ब्राण्डिंग गर्ने काममा प्रयोग गर्न जिल्ला सहकारीसँग समन्वय र सहजीकरण गरिनेछ । त्यस्तै भरतपुर बसपार्कसँगै रहेको राष्ट्रिय सहकारी विकास बोर्डको करिब ३ विगाहा जग्गामा कृषि बजार प्रवर्धनकोलागि उपयोग गर्ने काममा पनि समन्वय र सहजीकरण गरिनेछ ।
- ❖ कृषि, शिक्षा, स्वास्थ्य, सञ्चार, आवास, विद्युत, बायोग्यास, उपभोक्ता, फोहोरमैला सङ्कलन तथा प्रशोधन, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन गर्नेजस्ता बहुआयामिक काममा सहकारीको प्रभावकारी भूमिका खोजिनेछ ।
- ❖ सार्वजनिक-निजी, सार्वजनिक-सहकारी एवं सार्वजनिक-सामुदायिक साझेदारीसम्बन्धी नीति तथा कानुनहरूको व्यवस्था गरिनेछ ।
- ❖ बचत तथा ऋण सहकारीका माध्यमबाट उत्पादनमूलक क्षेत्रमा पूँजी परिचालन, कृषी उत्पादनको भण्डारण, बजारीकरण, युवा उद्यमीलाई व्यवसायिक तालिम प्राविधिक सीप मार्फत सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- ❖ सहकारीको पूँजी संरक्षण गर्न तथा गरीवी निवारण तथा थप रोजगारी सिर्जना गर्न विज्ञहरू समेतको संलग्नतामा महानगर स्तरीय सहकारीबोर्ड गठन गरिनेछ ।

**१३) भूमि व्यवस्थापन, सहरी तथा बस्ती विकास र आवास योजना :-**

- ➢ मालपोत तथा जग्गा प्रशासनका कार्यहरू स्थानीय तहबाट गर्न, नापी नक्सा डिजिटाइजेसन तथा पुनः नापीसम्बन्धी कार्यहरू संघसँग सहकार्य गरिनेछ  ।

- भूउपयोग ऐनको कार्यान्वयन योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- योजनाबद्ध, व्यवस्थित एवं एकीकृत बस्ती विकाससम्बन्धी कार्ययोजना कार्यन्वयन गरिनेछ ।
- जोखिमयुक्त बस्ती, घरहरूको स्थानान्तरण तथा व्यवस्थापन गरिनेछ।
- भूमिहिन तथा अव्यवस्थित बसोबासीको समस्या समाधानमा संघ र प्रदेशसँग सहकार्य गरिनेछ।
- सार्वजनिक जग्गा संरक्षण र विकास तथा व्यवस्थापन गरिनेछ।
- जग्गा एकीकरण तथा जग्गा विकास तथा व्यवस्थापन कार्यहरू गरिनेछ।
- संघ र प्रदेशसँगका सहकार्यमा जनता आवास, सुरक्षित आवास, विपद् पीडित आवास तथा भूमिहिन दलित समुदायको आवासका कार्यक्रमसँगै असहायक तथा अनाथ आवास जस्ता कार्यक्रम अघि बढाइनेछ ।
- घरनक्सा पास प्रणालीलाई सरल बनाउने र घर भवन निर्माण संहिता र मापदण्डको कार्यान्वयन र अनुगमन गर्ने।
- अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने कार्यक्रम बनाइनेछ। भूमिहिन मुक्त र छाप्रो मुक्त महानगर बनाइनेछ।

**१४) विद्युतीकरण र आधुनिक ऊर्जाः**

- न्यूनतम र सुलभ विद्युत आपूर्ती लगायतको विद्युत व्यवस्थापनको लागि विद्युत व्यवस्थापन बोर्ड गठन गरिनेछ।
- बायोग्यास, सौर्य ऊर्जाका वैकल्पिक प्रयोगबाट समेत सबै परिवारमा आधुनिक ऊर्जाको प्रयोग बढाइनेछ ।
- प्रदेश, संघ र विद्युत विकास बोर्डसँगको पहलमा विद्युत लाइनहरू क्रमस भूमिगत राख्ने योजना प्रारम्भ गरिनेछ।
- फोहोरलाई ग्यास, मल जस्ता उर्जा उत्पादन प्रविधिसँग जोडेर फोहोर व्यवस्थापनको दीर्घकालीन योजनाको सम्भाव्यता अध्ययन गरी उचित उपाय अवलम्बन गरिनेछ।
- नविकरणीय उर्जा उत्पादनमा जोड दिइनेछ।

**१५) जलस्रोत तथा सिँचाइ पूर्वाधार :**

- भूमिगत सिचाई, पोखरी निर्माण, कुलो तथा नहर मर्मतजस्ता उपायबाट सङ्घ र प्रदेशको सहकार्यमा संभाव्य सबै कृषियोग्य क्षेत्रमा सिँचाइ सुविधा सुनिस्चित गरिनेछ। भूमिगत पानीको उपयोगसम्बन्धी कानूनी व्यवस्था गरिनेछ।
- स्थानीय जलाधार क्षेत्र संरक्षण, बाढी पहिरो नियन्त्रण, जलउत्पन्न सबै प्रकारका जोखिम न्यूनीकरणको दिगो व्यवस्थापन हुने गरी योजना कार्यन्वयनमा ल्याइनेछ ।
- नारायणी लिफ्ट तथा खगेरी नहर प्रणालीलाई हिउँद वर्षा संचालन गरी सिँचाइ प्रणालीमा सुधार तथा कृषि उत्पादन वृद्धि हुने वातावरण मिलाइनेछ।
- केरुंग खोला पुंगी खोला, जलाधार समेत सामेल गरी भरतपुरको भित्रि जलमार्ग विकास गरिनेछ। बस्तीबाट आउने ढल प्रसोधनपछि मात्रै खोला, नदीमा मिसाउने प्रवन्ध मिलाइनेछ।

**१६) पर्यटन पूर्वाधार विकास तथा प्रवर्द्धन :-**

२०७६ को तथ्यांकमा १,८७,१०९ जना पर्यटक चितवन राष्ट्रिय निकुन्ज भित्रिएको पाइन्छ। दैनिक तीन हजार धार्मिक पर्यटक देवघाट आउने गरेको पाईन्छ। यद्यपी जिल्ला भित्रिने पर्यटकको एकिन तथ्यांक लिने संयन्त्र छैन। अधिकांश पर्यटक भरतपुरबाट भित्रिएर देवघाट र निकुञ्जलाई प्रमुख गन्तव्य बनाएका हुन्छन। पर्यटनको जिल्लाव्यापी सञ्जाल निर्माण गर्ने, तथ्यांक अभिलेखिकरण गर्ने र गुरूयोजनाका आधारमा पर्यटन विकासको नीति लिनुको साथै निम्नानुसार व्यवस्था गरिनेछ :-

- देवघाट, गणेशधाम, वागीश्वरी, दियालो बंगला, महाबौद्ध गुम्वा, जखडीमाई, धनागढ़ा पार्क, महाकालेश्वर शिव मन्दिर, हरिहर मन्दिर, गौरेश्वर मन्दिर, मेघौली, पटिहानी, जगतपुर, ज्ञानेश्वर ब्लक, वीसहजारी ताल, राइनोकुंज,

कसरा, गोलाघाट, मदन आश्रित स्मृति पार्क दास ढुंगा  तथा गाजीपुर, कविलासको चौकीडाँडा, बाटुली ताल, राइनो ताल, मध्यवर्ती लगायतका सामुदायिक वन, बखान बहुउद्देशीय सहकारी लगायतका स्थलहरूलाई धार्मिक, सांस्कृतिक, पर्यावरणीय पर्यटकीय स्थलका रूपमा सुचिकृत गरी पर्यटन संजालको रुपमा विकास गरिनेछ ।

- चेपाङ्ग, थारू, दराई, बोटे कुमाल, तामाङ लगायतका जातिगतका सँस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्दै तिनलाई पर्यटन प्रबर्द्धनसँग जोडिनेछ ।
- नारायणी र राप्ती नदी किनारहरूमा पर्यटकीय होटल र होमस्टे निर्माण गर्न प्रोत्साहित गरिनेछ । पर्यटन गाइड तालिम, पर्यटन सूचना केन्द्रको व्यवस्था गरिनेछ ।
- नारायणी नदी किनारमा रहेको नगर वनलाई आकर्षक पार्कसहितको मनोरञ्जनस्थलको रूपमा विकास गरिनेछ ।
- महानगरभित्र रहेका ज्ञानेश्वर र सीतामाई लगायतका पिक्निक स्पोटहरूको स्तरोन्नति गरिनेछ ।
- दासढुंगा, देवघाट, गोलाघाट हुँदै त्रिवेणीसम्म दिवा तथा रात्री जलयात्राको व्यवस्था गरिनेछ ।
- पर्यटन प्रबर्द्धनका लागि बाराको सिमरा र निजगढ, पोखरा, लुम्बिनी, विराटनगर, नेपालगंजसम्म  सिधा हवाई सेवा संचालनको पहल गरिनेछ ।
- व्यवस्थित सहरको मापदण्ड अनुकुल हुने गरी भरतपुर विमानस्थलको स्थानान्तरण वा वैकल्पिक व्यवस्थापन, मेघौली विमानस्थलको संचालन जस्ता कामको लागि सम्भाव्यता अध्ययन गर्न समन्वय र सहजीकरण गरिनेछ ।
- विज्ञ समुहको परामर्श र व्यबहारिक विकल्प सहित भरतपुर महानगरमा निश्चित प्रकारका प्लास्टिकको प्रयोगमा प्रतिबन्ध लगाईने छ ।
- चितवन राष्ट्रिय निकुञ्ज र अन्य वन क्षेत्रलाई पर्यटन प्रवर्धनका लागि सदुपयोग गर्ने विषयमा पर्यटन व्यवसायी  र सम्बन्धित सरकारी निकाय बिच समन्वय गरिने छ ।
- नारायणी नदी किनारका विभिन्न भागमा सम्भाव्यताका आधारमा निजी क्षेत्रको साझेदारीमा पर्यटकीय र मनोरञ्जनात्मक 'रिभर-बीच' को निर्माण र सञ्चालन गरिने छ ।
- राप्ती किनारमा पर्यटकका लागि साइकल लेन तथा पैदल मार्गको निर्माण गरिने छ ।
- राप्ती तथा नारायणी नदीमा साना बाँध निर्माण गरी डुँगा तथा फेरीबाट जलयात्रा, फ्लोटिङ रेष्टुरेन्ट लगायतका पर्यटकीय सेवालाई निजी क्षेत्रको साझेदारीमा प्रवर्धन गरिने छ ।
- देवघाट क्षेत्रमा सार्वजनिक नीजी साझेदारी कार्यक्रम अन्तर्गत धर्मशालाको निमार्ण गरिनेछ ।
- कविलास चौकिडाँडा जस्ता चिसो स्थानलाई समर स्टेसन (Summer staition) को रुपमा विकसित गरिने छ ।

## १७) कला, संस्कृति तथा पुरातात्विक सम्पदा :

- चेपाङ्ग, थारू, दराई, बोटे, कुमाल, नेवार लगायत आदिवासी जनजातिका जातिगत सँस्कृतिलाई संरक्षण गर्ने र स्थानीय सांस्कृतिक मेला, पर्व एवं जात्राहरूको सञ्चालन तथा व्यवस्थापनक गरिनेछ ।
- देवघाट, बागीश्वरी, गणेशधाम, हरिहर मन्दिर, वार्ड १० का शिवमन्दिर, कालिका मन्दिर लगायतका ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण र संबर्धन गुठी, ट्रस्ट तथा कोषहरूको सम्पत्तिको व्यवस्थापन गरिनेछ । यस्ता सार्वजनिक स्थानहरू जेष्ठ नागरिक तथा अपाङ्गमैत्री बनाइनेछ ।

## १८) युवा, खेलकूद तथा उद्यमशीलता

१६ देखि ४० वर्ष सम्मलाई युवा मान्ने हो भने यो संख्या ४० प्रतिशतको वरीपरी छ । १६ देखि २४ वर्षसम्मको जनसंख्या मात्रै पनि २० प्रतिशत छ । यो जनसंख्याको कुशल व्यवस्थापन भएमा मात्र समृद्ध नेपाल सुखि नेपाली भन्ने सोंच सार्थक हुन सक्छ । यस कुरालाई ध्यान दिंदै निम्न अनुसार व्यवस्था गरिनेछ :-

- ❖ उद्यमशीलता विकास तालिम, व्यावसायिक सिपमूलक शिक्षा र इन्टर्नसिपको माध्यमबाट युवा सशक्तिकरण गर्न प्रत्येक वडा केन्द्रित कार्यक्रम संचालन गरिनेछ ।
- ❖ पालिकास्तरीय युवापरिषद गठन गरी क्रियाशील, प्रेरित र स्वावलम्बी युवा बनाउने नीति कार्यन्वयन गरिनेछ । नयाँ सोंच,उत्पादन र रोजगारीलाई आधार बनाइ उत्कृष्ठ युवा उद्यमी पुरस्कारको व्यवस्था गरिनेछ ।
- ❖ कुसंस्कारजस्ता सामाजिक कुरीति हटाउँदै समाजको रूपान्तरणमा युवाहरूको भूमिका बढाइनेछ ।
- ❖ राजनीतिमा संलग्न युवाहरूको कुशल नेतृत्व क्षमता विकास गर्दै सामाजिक, आर्थिक र राजनीतिक विकासमा युवा परिचालन गरिनेछ ।
- ❖ युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि खेल मैदान निर्माण, कवर्ड हल तथा क्लब भवन, आवश्यक खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था गरिनेछ ।
- ❖ गौतमबुद्ध अन्तर्राष्ट्रिय रंगशालाको निर्माण कार्यमा भएको गतिरोध अन्त्यगरी निर्माण सम्पन्न गर्न विशेष अभियान चलाइनेछ र प्रदेश तथा संघीय सरकासँगको सहकार्यमा सम्पन्न गरिनेछ ।
- ❖ लायन्स, रोटरी, युथ लगायतका क्लब तथा रेडक्रस र स्काउट जस्ता स्वयमसेवी संस्थामार्फत युवाहरूलाई सामाजिक अन्तरघुलन बढाउन प्रेरित गरिनेछ ।

**१९) महिला समानता र सशक्तीकरण तथा बालबालिका विकास**

स्थानीय तहमा महिलाको राजनीतिक प्रतिनिधित्व झन्डै ४० प्रतिशत हुनु, माध्यमिक तहमा छात्रा भर्नादर ७० प्रतिशत भन्दा बढि हुनु विद्यालय शिक्षक झन्डै ४० प्रतिशत महिला हुनु सकारात्मक सूचक हुन् । तथापि घरमा, कार्यथलोमा, शिक्षालयमा महिला हिंसा, दुर्व्ययवहार हुने गरेको, शिक्षालयमा सिकाइ उपलब्धि कम हुने गरेको, वैदेशिक रोजगारीमा गएका मध्ये झन्डै ५ प्रतिशत महिला रहेको जस्ता तथ्यांकले राम्रो संदेश दिएको छैन । यस क्षेत्रमा निम्न अनुसार गरिने छ :

- महिलाका शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षाकालागि प्रत्येक वडामा महिला सेल गठन गरी सीप, क्षमताको अभिलेख व्यवस्थापन र व्यावसायिक तालिमको व्यवस्था मिलाइनेछ ।
- सामाजिक विभेद, छुवाछुत, घरेलु हिंसा, कार्य क्षेत्रमा हुने हिंसा, दाइजो प्रथा, बोक्सी प्रथा जस्ता कुरीति, कुसंस्कारहरूको अन्त्य गर्नका निम्ति विशेष सामाजिक अभियान सञ्चालन गरिनेछ ।
- मातृ शिशु कल्याण कार्यक्रम अन्तर्गत अस्पतालमा बच्चा जन्माउन आउने प्रत्येक सुत्केरी महिला र नवजात शिशुलाई आवश्यक औषधि, पोषण, लत्ताकपडा आदि निःशुल्क उपलब्ध गराइनेछ ।
- महिला उद्यमशीलतामार्फत् स्वरोजगारी बढाउने कार्यक्रम बनाइने छ । श्रम गर्ने महिलाको समान ज्याला, कार्यस्थलमा लैङ्गिक हिंसा, घरेलु हिंसा अन्त्य गर्न कडा ऐन बनाइ कार्यान्वियन गरिनेछ ।
- गर्भावस्थाका २७० दिन र जन्म पछिका ७३० दिन गरी १००० दिनको अवधिलाई युनिसेफले सुनौला अवधि भनी किटान गरेको छ । यो अवधिमा आमा र बालबालिकाको स्वास्थ र विकासको विशेष योजना बनाइनेछ ।
- भरतपुर महानगरलाई सूचकका आधारमा बालमैत्री छ भन्ने सुनिस्चित गर्न टोलस्तरबाट अनुगमन हुने व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वडामा शैक्षिक बाल उद्यन निर्माण गरिने छ ।

**२०) जेष्ठ नागरिक, अपाङ्गता भएका, अशक्त र पछाडि परेका वर्ग तथा समुदायको उत्थान तथा सामाजिक सुरक्षा**

२०७७ सालमा भरतपुर महानगरभित्र परिचय पत्रका आधारमा सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीको संख्या जेष्ठ नागरिक १३४४६, जेष्ठनागरिक दलित २००६, एकल महिला ५२०, विधवा ६५४०, पूर्ण अपाङ्ग ३३७, अति अशक्त ९५०, बाल पोषण र सुरक्षा भत्ता लिने १६४७ जना रहेको पाइन्छ। नेकपा एमालेको सरकारले २०५१ बाट शुरु गरेको जीवनचक्रमा आधारित भत्तामा गत वर्ष केपि ओली नेतृत्वको सरकारले ३३ प्रतिशतले पुनः वृद्धि गरेको छ । हाल सम्मको व्यवस्थालाई ध्यानमा राखी निम्नानुसारको प्रवन्ध गरिनेछ :-

- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक गर्ने र उनीहरूले गर्न सक्ने कामको खाका तर्जुमा गरिनेछ ।
- स्थानीय पूर्वाधार तथा सेवालाई अपांगता मैत्री बनाइने छ, अशक्तका लागि सहज रूपमा आधारभूत पूर्वाधार तथा सेवा पुग्ने व्यवस्था गरिनेछ ।
- संविधानमा उल्लेख भएका दलितका हक सम्बन्धी कार्यक्रमहरू सङ्घ तथा प्रदेशको सहकार्यमा अघि बढाइनेछ।
- असहाय तथा संरक्षकविहीन जेष्ठ नागरिकहरूका लागि मनोरञ्जनसहितको जेष्ठ नागरिक आवास केन्द्रको व्यवस्था गरिनेछ। महानगरका विभिन्न ठाउँहरूमा जेष्ठ नागरिक मिलन केन्द्र, मनोरञ्जन र आध्यात्मिक केन्द्रहरू स्थापना गरिनेछ। जेष्ठ नागरिकको अनुभव सदुपयोग हुने व्यवस्था मिलाइनेछ।
- सबै संस्थामा पेशाकर्मी तथा अनौपचारिक क्षेत्रका श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षा लागु गरिनेछ ।
- लोपोन्मुख, सीमान्तीकृत, अल्पसङ्ख्यक, तेस्रो लिङ्गी, समलिंगी लगायतको मानवीय जीवन जिउने अधिकार सुनिस्चित गरिनेछ।

**२१) वन तथा वातवरण एवं विपद् जोखिम व्यवस्थापन :**

- सार्वजनिक स्थानमा वृक्षारोपण, सामुदायिक र निजी वनको विकास गर्ने नीति निर्माण गरिनेछ।
- विपद्बाट मानवीय तथा भौतिक क्षति रोक्न भूसंरक्षण, नदी तटबन्धन, बाढी नियन्त्रणसम्बन्धी योजना निर्माण गरिनेछ।
- हरित सहरको घोषणा र कार्यक्रम, सहरी सडक हरियाली योजना र पार्कहरूको विकाससम्बन्धी योजना बनाइनेछ ।
- वन्यजन्तु र चराचुरुँगी संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा चिडियाखाना स्थापनासम्बन्धी अध्ययन गरिनेछ ।
- वन उपभोक्ता समितिसँगको सहकार्यमा जडिबुटी एवं वन पैदावर उत्पादन, प्रशोधन र बजारीकरण गरिनेछ।

**२२) लघु उद्योग एवं स्थानीय बजार व्यवस्थापन**

भरतपुर महानगरमा औद्योगिक क्षेत्रले रोजगार मध्येको झन्डै १२ प्रतिशत भन्दा बढी ओगटेको देखिन्छ, जसलाई राम्रो योगदान मान्न सकिन्छ। यस क्षेत्रलाई उत्पादन र रोजगारीको दृष्टिले आकर्षक क्षेत्र बनाइनेछ।

- लघु, साना एवं मझौला उद्योगहरूको स्थापना र विकास गर्न निजी क्षेत्रको लागि उद्यम मैत्री वातावरण निर्माण गरिनेछ।
- स्थानीय व्यापार प्रवर्द्धन गर्न हाटबजारको प्रचलनलाई विकसित, व्यवस्थित र पूर्वाधारयुक्त बनाई नियमन गरिने छ ।

- उपभोक्ता हित संरक्षण, उद्यमशीलता विकासको  तालिम र बीजपूंजीको व्यवस्था गरिनेछ ।
- नारायणगढ बजारलाई मुलुककै आधुनिक व्यापारिक सहरको रूपमा विकास गरिनेछ ।
- महानगरका मुख्य-मुख्य बजार क्षेत्रलाई नमुना बजारको रूपमा विकास गरिनेछ ।
- उद्योग व्यापार मैत्री वातावरण निर्माण गरी उद्योग व्यवसायी संस्थालाई रोजगारदाता र करदाताको रूपमा सम्मानजनक वातावरण निर्माण गर्दै महानगरको समग्र विकासमा निजी क्षेत्रलाई सरकारीसँग साँझेदार बनाइनेछ ।
- आयातित पदार्थमा आधारित भन्दा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- अनावश्यक तथा हानिकारक बस्तुको आयात नियन्त्रण गर्ने उपाय अवलम्वन गरिनेछ ।
- साना उद्योगलाई दर्ता गर्दा विशेष सहुलियत र प्रोत्साहनको प्रवन्ध गरिनेछ ।
- आवासीय क्षेत्रमा रहेका उद्योगहरूलाई पूर्वाधारयुक्त औद्योगिक क्षेत्रमा स्थानान्तरण हुन समन्वय र सहजीकरण गरिनेछ ।
- अत्यधिक सम्भावना भएका वातावरण मैत्री उद्योगको उत्पादन र बजारीकरणमा सहुलियतको नीति लिइनेछ ।

**२३) आर्थिक व्यवस्थापन, स्थानीय स्रोत-साधन तथा राजस्व परिचालनः**

- स्थानीय तहलाई प्राप्त अधिकार अनुरूप स्थानीय कर, सेवा शुल्क तथा दस्तुर परिचालन एवं राजस्व छलीमा नियन्त्रण गरी स्थानीय तहहरूबाट उठाइने करलाई प्रगतिशील बनाइनेछ ।
- न्यून आय भएका चेपाङ, थारू, दलित, बोटे, दराई लगायतका सीमान्तकृत वर्गका व्यक्तिहरूमा लगाइने करमा विशेष छुट दिइनेछ ।
- स्थानीय कच्चा पदार्थ र मानव स्रोतको प्रयोग हुने गरी सञ्चालित उत्पादनशील, रोजगारमूलक स्वदेशी उद्योगीलाई करमा विशेष सहुलियत प्रदान गरिनेछ ।
- सूचना प्रविधिमा आधारित करदाताको विवरण तथा राजस्व सङ्कलन व्यवस्था, राजस्व परिचालनको दीर्घकालिन योजना तर्जुमा, कार्यान्वयन र मूल्यांकन गरिनेछ ।
- असल करदातालाई सम्मान र कर नतिर्नेलाई जरिवानाको व्यवस्था गरिनेछ  ।
- करको दरभन्दा दायरा फराकिलो बनाइनेछ ।
- भरतपुर महानगरलाई आर्थिक गतिविधिको जीवन्त महानगर तथा लगानीको आकर्षक केन्द्र बनाउन लगानी प्रबर्द्धनका नीति र कार्यक्रमहरू अपनाइनेछ ।
- भरतपुर महानगरलाई नेपाल कै व्यापारिक हब बनाउनका लागि उद्योग-व्यवसायीहरूको सहकार्यमा आवस्यक नीति अख्तियार गरिनेछ ।
- उद्योगी-व्यवसायीहरूले सामना गरेको प्रक्रियागत झन्झट न्यूनिकरण गर्न एकद्वार प्रणाली लगायतका आवस्यक नीति अपनाइनेछ ।
- स्थानीय कर प्रणालीको पुनरावलोकन गरी करको दायरा बढाउने र राजस्वमा प्रतिकुल प्रभाव नपर्ने गरी उपयुक्तताका आधारमा करको दरमा समायोजन गरिनेछ ।
- भरतपुरलाई विभिन्न सेवा उद्योगहरूको हबको रुपमा विकास गर्न खास-खास ठाउँमा क्लस्टरयुक्त विकासका लागि (जस्तो कि अस्पताल जोन, बैंकिङ जोन) महानगरले सहजिकरण गर्ने छ ।
- औद्योगिक प्रदर्शनी, लगानी  सम्मेलन जस्ता कार्यक्रमलाई महानगरपालिकाले प्रवर्द्धन गर्ने छ ।
- औद्योगिक, निर्माण तथा अन्य सेवा उद्योगलाई आवश्यक अर्धदक्ष जनशक्तिको उत्पादन र परिचालनका लागि महानगरपालिकाले आवश्यक पहल गर्ने छ ।

- ❖ निजी क्षेत्रसँगको परामर्शमा औद्योगिक विकासका लागि भरतपुरको तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी सो क्षेत्रका उद्योगधन्दाको स्थापना र सञ्चालनका लागि महानगरले आवस्यक सहजिकरण र नीतिगत पहल गर्ने छ ।
- ❖ महानगर अन्तरगत सञ्चालित आयोजनामा प्राविधिक शिक्षालयका प्रशिक्षार्थीलाई इन्टर्नसिप गराउने, र रोजगारीमा प्राथमिकता दिईने छ ।
- ❖ व्यवस्थित र योजनावद्ध सहरीकरणले घर-जग्गाको मूल्य अभिवृद्धि हुने तथ्यलाई मनन गर्दै जग्गा विकासका ठूला कार्यक्रमलाई महानगरको व्यवसायीक लाभ र लगानीका अवसरका रुपमा उपयोग गरिने छ ।
- ❖ महानगरमा सुलभ मूल्यमा घर-जग्गा उपलब्ध गराउनुका उद्देस्यका साथ निजि क्षेत्रसँगको साझेदारीमा महानगरको लगानी समेतमा जग्गा विकास तथा आवास निर्माण परियोजनाहरू सञ्चालन गरिने छ ।
- ❖ कुनै पनि सरकारी नीति तथा आयोजनाले कुनै निश्चित समूहलाई अत्यधिक लाभ र अर्को समूहलाई अत्यधिक हानी हुने अवस्थामा लाभान्वित समूहसँग करको 'लिने' (कर) तथा हानी पुगेको समूहलाई क्षतीपूर्तीको रुपमा 'दिने' पद्धतीको विकास गरिने छ ।
- ❖ सहरी पूर्वाधारमा हुने सरकारी लगानीको उल्लेख्य लाभ मूल्य वृद्धिको रुपमा वरपरका घर-जग्गामा जान्छ । त्यस्तो लाभको केहि अंश स्थानीय सरकारले कर लगायतका विभिन्न माध्यमबाट फिर्ता लिने 'भ्यालु-क्याप्चर' पद्धतिलाई उपयुक्तताका आधारमा लागु गरिनेछ ।
- ❖ सहरी पूर्वाधार लागानी र सेवा सञ्चालनमा 'सार्वजनिक-निजी साझेदारी' को अवधारणा अन्तरगत निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- ❖ कृषीजन्य लगायत अन्य श्रममा आधारीत रोजगार मुलक उद्योग स्थापना र सञ्चालनका लागि महानगरले विशेष प्रोत्साहनका कार्यक्रम ल्याउनेछ ।
- ❖ युवा स्वरोजगारका साना उद्योगधन्दा स्थापना, स्टार्टअप र सञ्चालनका लागि उद्योगलाई नै धितो राखि बैंकबाट ऋण लिनका लागि महानगरले सहजिकरण गर्ने छ ।
- ❖ वैदेशिक रोजगारबाट सीप सिकेर फर्केका नागरिकको अभिलेख प्रणाली स्थापना गरी रोजगारदातालाई सूचना उपलब्ध गराइनेछ । साथै यस्ता सिपयुक्त नागरिकहरूको समुहलाई आफ्नै व्यवसाय सञ्चालनका लागि महानगरले सहजीकरण गर्नेछ ।

२४) **सूचना सञ्चार र प्रविधि प्रणाली**

- ➢ पूर्ण प्रेस स्वतन्त्रतासहितको लोकतन्त्रलाई सुदृढ गर्न, आमसञ्चार माध्यमलाई उद्योग, पेशा र व्यवसायको रूपमा फस्टाउने वातावरण प्रदान गर्न, संचारकर्मीहरूको पेशागत क्षमता र सुरक्षा अभिवृद्धि गर्न आवश्यक ऐनको व्यवस्था गरिनेछ ।
- ➢ एफ एम रेडियो, पत्रपत्रिका, टेलिभिजन, अनलाईन एवं सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत जनचेतना, कृषि सेवा, मौसमको पूर्वानुमान, यातायात तथा ट्राफिक सूचना, बजार मूल्य, विपद् तथा महामारी विरुद्ध सचेतना, तथा पालिकाले गर्ने विकासको सम्प्रेषण गरिनेछ ।
- ➢ सार्वजनिक स्थलमा सर्वसुलभ इन्टरनेट सुविधाको पहुँच सुनिश्चित गरिनेछ । सुरक्षित र अपराध न्यूनिकरणका लागि पाँच वर्षभित्र सिसि क्यामरा सञ्जालमा जोडिने छ । आफ्नो वेभसाइट निर्माण र नियमित अद्यावधिक गरी तथा सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमार्फत सेवा प्रदान गरिनेछ । डिजिटल कनेक्टिभिटी, डिजिटल लिटरेसीको अभियान चलाइनेछ ।

- महानगरपालिका र सबै वडा कार्यालयहरूमा नागरिक वडापत्र तथा वेभसाइडको अनिवार्य व्यवस्था गरिनेछ। पालिका र वार्ड स्तरीय प्रोफाइल तयार गरी नियमित रुपले अध्यावधिक गरिनेछ।
- आमसञ्चार माध्यमलाई अभिलेखिकरण गरी स्तरोन्नतीका लागि सहजीकरण गरिने छ।
- पत्रकार महासंघसँगको समन्वयमा आवासीय पत्रकारिता प्रशिक्षण केन्द्र स्थापना गरिनेछ। विज्ञापनलाई स्थानीय सञ्चार माध्यमहरूमा समानुपातिक तवरले वितरण गर्ने व्यवस्था गरिनेछ। सुशासन र पारदर्शिता बोध हुने गरी सूचना व्यवस्थापन गरिनेछ।
- श्रमजीवी पत्रकारको हक, हित रक्षाको लागि नीति ल्याइनेछ।

**२५) न्यायिक समिति एवं मेलमिलाप र मध्यस्थताको व्यवस्थापन :**

- घरायसी विवाद, जग्गा विवाद लगायतका विवाद मिलाउन वडा तहमै न्यायिक समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाइनेछ। पूर्वाधार निर्माण समितिको क्षमता विकास एवं स्थानीय मेलमिलाप र मध्यस्थताको व्यवस्थापन गरिनेछ।
- न्यायिक समितिका फैसलाहरूको कार्यान्वयन र सो को अनुगमन गरिनेछ।
- विपन्न तथा गरिबका लागि निशुल्क कानूनी सेवा, मानव अधिकारको अवस्था बारेमा अनुगमन र कार्वाहीको व्यवस्था मिलाइनेछ ।
- स्थानीय तहका विकासका प्रमुख मुद्दाहरूमा राजनैतिक सहमति र सहकार्यको खाका र विधि तयार गरी समयमै नगरसभा सञ्चालन एवं व्यवस्थापन गरिनेछ।
- महानगरमा रहेको कारागारलाई सुविधासम्पन्न सुधार गृहको रूपमा विकास गरिनेछ। त्यहाँ रहेका कैदीबन्दीलाई आयआर्जनका लागि आवश्यक सीप प्रदान गरिनेछ।
- प्रयोगमा नआएका गैर सरकारी संस्थाका भौतिक संरचनालाई बहुउद्देशीय प्रशिक्षण प्रतिष्ठानको रुपमा प्रभावकारी व्यवस्थापन र प्रयोग गरिनेछ।
- निर्वाचनको क्रममा प्रत्येक नेकपा (एमाले) केन्द्रीय कमिटीले जारी गरेका घोषणा तथा प्रतिबद्धताहरु, वडा तहले गरेका प्रतिवद्धताहरू, विज्ञहरु, पेशा, वर्ग, श्रमिक, समुदाय, सामाजिक संघ संस्था लगायतका मार्फतबाट आउने उचित सुझावलाई ग्रहण गरी महानगरको योजनामा समावेश गर्ने, सम्भाव्यता अध्ययन गर्ने गरी ती प्रतिवद्धता सम्बोधन गर्ने हाम्रो दायित्व र जवाफदेहिता रहने कुरामा पनि प्रतिबद्धता व्यक्त गर्दछौं।

**(ख) उल्लेखित काम कसरी गर्ने ?**

माथि उल्लेखित नीति, कार्यक्रम, योजना झट्ट हेर्दा महत्वाकांक्षी देखिन सक्छन्। कतिपय कार्यक्रम र आयोजना गुरुयोजना निमार्ण गरी दीर्घकालिन रुपमा सम्पन्न गर्नु पर्ने, कतिपय क्रमिक रुपमा र कतिपय यस अवधीमा कार्यान्वयन गर्न सकिने छन्।

यो प्रतिवद्धता पत्रमा उल्लेखित महत्वपूर्ण पक्षहरु सहरी विकासको गुरूयोजना र क्षेत्रगत योजनासँग पनि सम्बन्धित छन्। यसका लागि विज्ञ योजनाकारको परामर्श, गृहकार्य र महानगरका सबै सरोकारवालाहरूसँगको छलफल र अन्तरक्रिया महत्वपूर्ण हुनेछ। सुन्दर र समृद्ध सहर निर्माणको महत्वपूर्ण पक्ष स्रोत र साधन भन्दा पनि नेतृत्वमा हुने दीर्घकालीन सोँच र योजना हो भन्ने कुरा संसारका धेरै संवृद्ध सहरको अनुभवले बताएको छ।

व्यवस्थित शहरिकरणका योजनाहरू कार्यान्वयन गर्न सहज हुँदैन। सहरी क्षेत्रको सिमित जमिन र जमिनको उच्च मूल्यले गर्दा सहरी पूर्वाधारका लागि जग्गा प्राप्तिको प्रक्रिया निकै चुनौतीपूर्ण बन्न गएको छ। तथापी भौतिक पूर्वाधारको निर्माणले समग्रमा सहरी घर-जग्गाको मूल्य बढाई दिन्छ। त्यसैले पूर्वाधार निर्माणले समग्रमा सहरबासीलाई

हानि पुऱ्याउने हैन, लगानिको तुलनामा निकै गुणा बढि लाभ पुऱ्याउँछ । लाभान्वितको लाभको केहि अंश सरकारले खिच्ने (भ्यालु-क्याप्चर) र मर्का पर्नेलाई उचित क्षतिपुर्ति दिने लगायतका विभिन्न उपायहरू अन्तर्राष्ट्रिय रुपमा सफलता साथ प्रयोगमा आएका छन् ।

भौतिक निमार्णमा लागत सहभागिता एउटा उपाय हो भने एकीकृत जग्गा विकास परियोजनामा चौडा बाटोघाटो सहितका सहरी योजनाका प्लट शुरुको जग्गा भन्दा केहि प्रतिशत घटाएर जग्गा धनीलाई फिर्ता गर्ने पनि यस्तै उपाय हो । हामी कहाँ पनि प्रचलनमा आएका यी उपायहरूका अलावा ल्यान्ड बैंक जस्ता अन्य उपायहरू पनि हाम्रो परिबेशमा लागु गर्न सक्छौं ।

जहाँसम्म बजेटरी स्रोत र साधनको कुरा छ, हामीले उपयुक्त कार्यशैली अपनाउँदा सहरी विकासका आयोजनाबाट महानगरले खुद आम्दानि गर्न सक्छ । तथापी शुरूका चरणमा बजेटको अभाव खट्किन सक्छ । तर हामीले भरतपुर महानगरको दिर्घकालीन गुरूयोजना सहित कार्यान्वयनको राजनीतिक प्रतिवद्धता र सुशासनको प्रत्याभुति दिलाउन सक्दा अन्तर्राष्ट्रिय दाता, विदेशी लगानिकर्ताको पुँजी समेत परिचालन गर्न सक्ने संभावना हुन्छ ।

त्यसैले समस्या बजेट र पुँजीको भन्दा पनि महानगर नेतृत्वको सोचको हो । आउनोस्, 'सुन्दर र संवृद्ध भरतपुर' को सोच र योजनामा सामुहिक स्पष्टता दिउँ, र सबैको हातेमालोले यो सपनालाई कार्यरुप दिउँ !

**आदरणीय महानगरवासी जनसमुदाय,**

बहुआयामिक संभावनाको सहर भरतपुर महानगरपालिकालाई स्वच्छ समृद्ध मानवीय सहरमा रुपान्तरित गरी छिटोछरितो तथा गुणस्तरीय सेवा उपलब्ध गराउने हाम्रो अभियानमा यहाँहरूको साथ हुनेछ भन्ने हामीले विश्वास लिएका छौं । जित्ने भन्दा हराउने उद्देश्यले भएका गठवन्धनको परीक्षण २०७४ मा नै भइसकेको थियो र मुलुकभरमा नेकपा एमालेका ४२ प्रतिशत प्रतिनिधिले विजय प्राप्त गरेका थिए । चितवनमा ७ स्थानीय तह मध्ये ४ वटामा प्रमुख, ५ वटामा उपप्रमुख र ९८ वडा मध्ये ५६ वडामा नेकपा एमालेले जितेको थियो भने भरतपुर महानगरमा सबै किसिमका प्रपन्चका वीचमा पनि २९ वडा मध्ये १४ वटा वडामा जितेको थियो । यसकारण महानगरमै रहेर सामाजिक, राजनीतिक परिवर्तन र विकासका निम्ति निरन्तर सक्रिय रहनु भएका र नवनिर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न योग्य महानगरका प्रमुख, उपप्रमुख, वडाका अध्यक्ष तथा सदस्यका सूर्यध्वजावाहक उम्मेदवारलाई अमूल्य मत दिई अत्यधिक मतले विजयी बनाउन आव्हान गर्दछौं ।

लोकतान्त्रिक व्यवस्थामा उम्मेदवार प्रस्तुत गर्नुपर्ने भूमिका दलको भएको कारण हाम्रो पार्टीले उम्मेदवार प्रस्तावित गरेको छ तापनि सूर्य चिन्ह लिएर विजयी हुने प्रतिनिधि सम्पूर्ण जनताको सेवामा लाग्ने छन र हाम्रो पार्टीले सोही अनुसार समन्वय गर्ने छ भन्ने विस्वास दिलाउछौं ।

**'सूर्य चिन्हमा मतदान गरौं, स्वच्छ, सुन्दर समृद्ध सहर निर्माणको सपना साकार पारौं ।'**

**'गौरवपूर्ण भरतपुर बनाउन सूर्यमा सात छाप नेकपा (एमाले) जिन्दावाद'**

**हाम्रो पार्टीको तर्फबाट सूर्य चिन्ह बाहक उम्मेदवारहरूको नाम यसै साथ संलग्न छ ।**

हार्दिक अभिवादन ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)
भरतपुर महानगर निर्वाचन प्रचार प्रसार समिति
भरतपुर, चितवन
मिति : २०७९ वैशाख ९